# नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०८२

चिकित्सा शिक्षा आयोगबाट स्वीकृत मितिः २०८२/०३/३२

**प्रस्तावना**

चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय आवश्यकता अनुरुप गुणस्तरीय जनशक्ति उत्पादन गर्न चिकित्सा शिक्षाका नविनतम प्रविधि तथा शिक्षण विधिको अवलम्बन गर्दै चिकित्सा शिक्षाका विधामा स्पेसियालिटी तथा सबस्पेसियालिटी तह अध्ययनका लागि नयाँ कार्यक्रमहरुको तर्जुमा तथा सञ्चालन गर्न स्थापित नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको काम कारबाही व्यवस्थित गर्न, पाठ्यक्रम तथा मापदण्ड निर्धारण गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न, कार्यक्रम सञ्चालन अनुमति प्रदान गर्न, शिक्षक फ्याकल्टी पहिचान गर्न, आन्तरिक एवं अन्तिम बोर्ड परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न, उपाधि प्रदान गर्न, विभिन्न संघसंस्थाहरुसँग समन्वय गर्न लगायतका कार्यका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ को खण्ड (छ) र दफा २८ (१) को खण्ड (घ) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम (३०) तथा (३१) बमोजिमका काम, कर्तव्य र अधिकारको व्यवस्थित प्रयोग गर्न वाञ्छनीय भएकाले चिकित्सा शिक्षा आयोगको मिति २०८२/०३/३२ को निर्णयानुसार यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम "नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि,२०८२" रहेको छ ।यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"आयोग"** भन्नाले चिकित्सा शिक्षा आयोग सम्झनु पर्दछ ।

(ख) **"एनबिएमएस"** भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज सम्झनु पर्दछ ।

(ग) **"ऐन"** भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

(घ) **"कन्भेनर (Convenor)"** भन्नाले बोर्ड परीक्षा सञ्चालन गर्नका लागि परीक्षा समितिका सदस्यहरू, एनबिएमएसका सदस्यहरू एवं एनबिएमएस कार्यक्रमका कोअर्डिनेटरहरू मध्येबाट तोकिएका व्यक्ति सम्झनुपर्दछ ।

(ङ) **"कार्यक्रम"** भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्दछ।

(च) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम सम्झनु पर्दछ ।

(छ) **"निर्देशक"** भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशकलाई सम्झनुपर्दछ।

(ज) **"नियमावली"** भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) सम्झनु पर्दछ ।

(झ) **"पाठ्यक्रम समिति"** भन्नाले विषयगत पाठ्यक्रम निर्माणको लागि बोर्डबाट गठित समिति सम्झनु पर्दछ।

(ञ) **"प्राज्ञिक एकाइ (Academic Unit)"** भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ को दफा ८(१) मा तोकिएबमोजिमको शिक्षकहरूको समूहलाई सम्झनुपर्दछ ।

(ट) **"फ्याकल्टी"** भन्नाले बोर्डबाट सञ्चालित कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थामा अध्यापन कार्यमा संलग्न बोर्डबाट सत्यापन गरिएका शिक्षक फ्याकल्टी सम्झनु पर्दछ ।

(ठ) **"बोर्ड"** भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३० बमोजिम गठित "नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज" सम्झनु पर्दछ ।

(ड) **"विषय समिति** (Subject Committee)**"** भन्नाले पाठ्यक्रम तथा अन्य प्राज्ञिक कार्य गर्नका लागि बोर्डबाट गठित मेडिकल स्पेसियालिटिज, सर्जिकल स्पेसियालिटिज तथा डाइग्नोष्टिक स्पेसियालिटिज समिति सम्झनु पर्दछ।

(ढ) **"शिक्षण संस्था"** भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने संस्था सम्झनु पर्दछ ।

(ण) **"समिति"** भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समिति सम्झनु पर्दछ ।

(त) **"स्पेसियालिटी"** भन्नाले चिकित्सा शिक्षाको स्नातकोत्तर तह सरहको कार्यक्रम सम्झनु पर्दछ ।

(थ) **"सबस्पेसियालिटी"** भन्नाले Doctorate of Medicine/Magister of Chirurgiae/ Post Graduate Sub Specialty Degree (DM/MCh) तह सरहको कार्यक्रम सम्झनु पर्दछ ।

(द) **"रेजिडेन्ट (Resident)"** भन्नाले एनबिएमएस कार्यक्रम अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा भर्ना भई अध्ययनरत विद्यार्थी सम्झनुपर्दछ ।

## परिच्छेद– २
## बोर्डको काम, कर्तव्य र अधिकार

३. **बोर्डको काम, कर्तव्य र अधिकारः**

(१) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका साथै नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् ।

(क) बोर्डबाट सञ्चालित कार्यक्रमको तयारीका लागि अन्य निर्देशनालयहरुसँग समन्वय गरी कार्य गर्ने,

(ख) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुको पहिचान,पाठ्यक्रम विकास, परिमार्जन तथा स्वीकृत गर्ने,

(ग) स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका विषयहरु अध्यापन गराउने शिक्षण संस्थाको पहिचान गरी सूची तयार गर्ने, तोकिएका मापदण्डका आधारमा मूल्याङ्कन गरी छनोट गर्ने र मूल्याङ्कन का आधारमा सिट निर्धारण गर्ने ।

(घ) अध्यापन गराउने शिक्षण संस्थाहरुका लागि आवश्यक शिक्षक फ्याकल्टीहरुको मापदण्ड तयार गर्ने, मापदण्डका आधारमा मूल्याङ्कन गरी शिक्षक फ्याकल्टी छनोट गर्ने र उनीहरुको क्षमता विकाससम्बन्धी कार्यक्रम तय गर्ने, क्षमता बिकासका कार्यक्रम सञ्चालन गर्नका लागि अन्य संस्थाहरुसँग समन्वय गर्ने।

(ङ) यस्तै प्रकृतिका स्पेसियालिटी तथा सबस्पेसियालिटी सम्बन्धी विषयहरु अध्यापन तथा तालिम गराउने अन्य मुलुकका संस्थाहरुसँग आवश्यकतानुसार कार्यक्रम सम्बन्धी परामर्श तथा समन्वय गर्ने,

(च) परीक्षा निर्देशनालयसँग समन्वय गरी एकीकृत प्रवेश परीक्षा, विद्यार्थी छनोट, म्याचिङ तथा भर्ना, बोर्डको परीक्षासम्बन्धी मापदण्ड तयारी, परीक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने,

(छ) विद्यार्थी मूल्याङ्कन का लागि परीक्षा तथा मूल्याङ्कन कार्यविधि तयार गर्ने, परीक्षकहरुको सूची तयार गरी छनोट गर्ने र परीक्षण विधिबारे प्रशिक्षण गर्ने, अन्तिम बोर्ड (Board Examination) परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्ने ।

(ज) उपाधि प्रदान गर्ने विधि र प्रक्रिया तयार गर्ने तथा चिकित्सा शिक्षा ऐनको दफा ६(झ) बमोजिम उपाधि प्रदान गर्ने,

(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम मूल्याङ्कन सम्बन्धी कार्यहरु गर्ने ।

(ञ) आवश्यकता अनुसार विज्ञ सम्मिलित समिति तथा उपसमिति गठन गरी कार्यसम्पादन गर्ने ।

(ट) ऐन, नियम तथा आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद– ३
## पाठ्यक्रमसम्बन्धी व्यवस्था

४. **पाठ्यक्रमको ढाँचाः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित कार्यक्रमहरुका लागि तयार पारिने पाठ्यक्रमको उद्देश्य प्रष्ट रुपमा तोकिएको हुनुपर्नेछ ।

(२) विद्यार्थीको सिकाइको उद्देश्य (Learning objectives) प्रष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(३) अध्ययन अध्यापनको तरिका विद्यार्थी केन्द्रित हुनुपर्नेछ ।

(४) पाठ्यक्रममा हरेक इकाईको पाठ्यभार उल्लेख भएको हुनुपर्नेछ ।

(५) अध्यापन गराइने विभिन्न विभाग र इकाईहरुमा अध्ययन अवधिभरको पूर्व निर्धारित खाकाको आधारमा अध्ययन अध्यापनको कार्यक्रम निर्धारण गरिएको हुनुपर्नेछ। त्यस्ता विभाग र इकाईमा तालिम गराउनका लागि बोर्डको पूर्वस्वीकृति आवश्यक हुनेछ ।

(६) बोर्डबाट सञ्चालित कार्यक्रमहरुको सामाजिक उत्तरदायित्व अन्तरगत सरकारी निकाय अन्तर्गतका सम्बन्धित विषयको सेवा भएका स्वास्थ्य संस्थाहरूमा तीन महिनासम्मको रोटेशनल पोष्टिङ हुनेछ। यसका लागि सम्बन्धित स्वास्थ्य संस्थाहरूसँग आवश्यक समन्वय गरिनेछ ।

(७) पाठ्यक्रममा विषय, पाठ्यभार, पूर्णाङ्क, मूल्याङ्कन विधि र उपाधिबारे उल्लेख भएको हुनुपर्नेछ ।

(८) पाठ्यक्रम अन्तर्गत अनिवार्य रुपमा सञ्चालन गरिने तालिमहरुमा व्यवसायिक आचरण (Professional Ethics), सञ्चार सीप (Communication Skill), सिपिआर (Cardio pulmonary resuscitation), संक्रमण नियन्त्रण (Infection Control) अनुसन्धान विधि (Research Methodology) र औषधिको उचित प्रयोग (Rational Use of Drugs) लगायतका विषयहरु समावेश भएको हुनुपर्नेछ।

(९) हरेक पाठ्यक्रमले सिकाइको गुणस्तरीयताका अतिरिक्त निम्नलिखित विधाहरु अनिवार्य समेटेको हुनु पर्नेछः

(क) आधारभूत विज्ञान तथा सम्बन्धित तहको सैद्धान्तिक ज्ञान,

(ख) सम्बन्धित तहको क्लिनिकल सीप,

(ग) चिकित्सा शास्त्रका सम्बन्धित विधामा विकास भएका नयाँ प्रविधि, ज्ञान र सीप,

(घ) प्राज्ञिक उन्नयन, अनुसन्धान तथा सूचना प्रविधि,

(ङ) जबाफदेहिता, व्यावसायिक सोच, व्यावसायिकता तथा पेशाधर्मिता,

(च) सामाजिक उत्तरदायित्वको लागि बहन गरिने प्रक्रियाहरु,

(छ) नेतृत्व व्यवस्थापन र सामुहिकता (Team work),

(ज) विषयगत कार्यक्रम अन्तर्गत अनिवार्य गरिएका अन्य विधाहरु ।

(१०) कार्यक्रम सञ्चालनका लागि हरेक विषयको पाठ्यक्रम अनुसार तोकिएको विषयको विज्ञ तथा विषयसँग सम्बन्धित अन्य विज्ञ सम्मिलित विषय समिति गठन (Subject Committee) हुनेछ । विषय समितिले शोधपत्रको अनुमति, ओरिजिनल रिसर्च आर्टिकल प्रकाशन, इ-लगबुक, हाजिरी, आन्तरिक परीक्षा सञ्चालन, अन्तिम बोर्ड परीक्षामा सामेल हुनका लागि आवश्यक योग्यता निर्धारण तथा समन्वय र परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्नेछ ।

५. **पाठ्यक्रम निर्माण तथा स्वीकृतिः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले पाठ्यक्रम निर्माणका लागि विज्ञ सम्मिलित समिति गठन गर्नेछ।

(२) दफा ४ मा उल्लिखित मापदण्ड तथा आधार समेतलाई ध्यानमा राखी पाठ्यक्रम समितिले पाठ्यक्रम तयार गर्नेछ ।

(३) पाठ्यक्रम समितिले तयार गरेको विषयगत पाठ्यक्रम बोर्डले स्वीकृत गर्नेछ।

६. **अध्ययन अवधिः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी तथा सबस्पेसियालिटी शैक्षिक कार्यक्रमको अध्ययन अवधि कम्तीमा तीन वर्षको हुनेछ ।

## परिच्छेद – ४
## फ्याकल्टी (शिक्षक) तथा सिट संख्यासम्बन्धी व्यवस्था

७. **फ्याकल्टी (शिक्षक) को न्यूनतम योग्यता:**

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रमका शिक्षक फ्याकल्टीलाई क्रमशः सिनियर फ्याकल्टी, फ्याकल्टी र जुनियर फ्याकल्टी भनिनेछ ।शिक्षक फ्याकल्टी भई काम गर्नका लागि कम्तिमा सम्बन्धित विशेषज्ञताको स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।

(२) जुनियर फ्याकल्टी हुनका लागि सम्बन्धित विषयमा विशेषज्ञ दर्ता भई एक वर्षको कार्य अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा एक अनुसन्धनात्मक लेख प्रकाशन गरेको वा विश्वविद्यालय/प्रतिष्ठानमा सहायक प्राध्यापक (Assistant Professor) तहमा प्राध्यापन गरेको अनुभव भएको,

(३) फ्याकल्टी हुनका लागि सम्बन्धित विषयमा विशेषज्ञ दर्ता भई पाँच वर्षको कार्य अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा दुई वटा अनुसन्धनात्मक लेख प्रकाशन गरेको, जसमध्ये एउटा लेख इन्डेक्स जर्नलमा प्रकाशन गरेको वा विश्वविद्यालय / प्रतिष्ठान/बोर्ड मा पाँच वर्ष सहायक प्राध्यापक (Assistant Professor) तहमा प्राध्यापन गरेको अनुभव भएको,

वा

बोर्डबाट सञ्चालित स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा जुनियर फ्याकल्टी भई पाँच वर्ष काम गरेको हुनुपर्नेछ ।

(४) सिनियर फ्याकल्टी हुनका लागि सम्बन्धित विषयमा विशेषज्ञ दर्ता भई पन्ध्र वर्षको कार्य अनुभव/शिक्षण अनुभव तथा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा चार वटा अनुसन्धानात्मक लेख प्रकाशन गरेको, जसमध्ये एउटा लेख इन्डेक्स जर्नलमा प्रकाशन भएको हुनुपर्ने,

वा

विश्वविद्यालय/प्रतिष्ठान/बोर्ड बाट प्राध्यापक तहमा प्राध्यापन गरेको अनुभव वा बोर्डबाट सञ्चालित स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रममा फ्याकल्टी भई पाँच बर्ष काम गरेको अनुभव तथा चार वटा अनुसन्धानात्मक लेख राष्ट्रिय/अन्तराष्ट्रिय जर्नलमा प्रकाशन गरेको, जसमध्ये एउटा लेख इन्डेक्स जर्नलमा प्रकाशन गरेको हुनुपर्नेछ ।

(५) बोर्ड अन्तर्गतका कार्यक्रममा नियमित रुपमा सिनियर फ्याकल्टी, फ्याकल्टी वा जुनियर फ्याकल्टी हुनका लागि प्रत्येक ३ बर्षमा मुख्य लेखक भई राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तिमा एक अनुसन्धानात्मक लेख प्रकाशन गरी अद्यावधिक गर्नुपर्नेछ ।

८. **कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक फ्याकल्टी (शिक्षक):**

(१) बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालन गर्नका लागि कुनै पनि विधामा पूर्णकालीन न्यूनतम एकजना सिनियर फ्याकल्टी, एकजना फ्याकल्टी र एकजना जुनियर फ्याकल्टी

वा

एक जना सिनियर फ्याकल्टी र दुई जना जुनियर फ्याकल्टी

वा

दुईजना फ्याकल्टी र दुईजना जुनियर फ्याकल्टी हुनुपर्नेछ ।

माथि उल्लेखित समूहलाई शिक्षक (फ्याकल्टी) को एक प्राज्ञिक इकाई(Academic Unit) मानिनेछ ।

(२) दफा (१) अनुसारको इकाईलाई प्रत्येक शैक्षिक सत्रमा बढीमा दुईजना विद्यार्थी भर्नाको अनुमति दिन सकिनेछ ।

(३) दफा (१) बमोजिमको इकाईको मुख्य जिम्मेवारी सिनियर फ्याकल्टी वा निजको अनुपस्थितिमा फ्याकल्टीको हुनेछ साथै विद्यार्थीको अध्ययन अवधिभरको सम्पूर्ण जिम्मेवारी पनि निजहरुकै हुनेछ ।

## परिच्छेद – ५

## <u>शिक्षण संस्थाको सिट निर्धारणसम्बन्धी व्यवस्था</u>

९. **<u>स्वमूल्याङ्कनका लागि आवेदन गर्नुपर्ने:</u>**

(क) एनबिएमएसबाट प्रत्येक वर्ष कार्यक्रम सञ्चालन गर्नु पूर्व स्वमूल्याङ्कन फाराम भर्ने प्रक्रियासहित बोर्डको सिफारिसमा कार्यकारी समितिबाट स्वीकृत भएको प्रारूप अनुसार स्वमूल्याङ्कन फाराम माग गरी आयोगको वेबसाइटमार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(ख) एनबिएमएस अन्तर्गत स्पेसियालिटी र सबस्पेसियालिटी तहमा कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरूले आफूले सञ्चालन गर्न चाहेको विषय खुलाई एनबिएमएसबाट स्वमूल्याङ्कन आवेदन फाराम भर्न उपदफा ९ (क) बमोजिम प्रकाशित सार्वजनिक सूचनामा उल्लेख भएबमोजिम फाराम भरी पेस गर्नुपर्नेछ ।

(ग) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरूबाट प्राप्त स्वमूल्याङ्कन विवरणका आधारमा सम्बन्धित संस्थाहरूको पूर्वाधार, शिक्षण फ्याकल्टी र सिट तथा स्पेसियालिटी वा सबस्पेसियालिटी कार्यक्रम सञ्चालनको उपयुक्तता सम्बन्धमा आवश्यक प्रक्रियाका लागि सिफारिस गर्न नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशकको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञहरूमध्येबाट संयोजकको सिफारिसमा कार्यकारी समितिबाट मनोनित बढीमा दुई जना सदस्य, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका बरिष्ठ कर्मचारी सदस्य सचिव रहने एक स्वमूल्याङ्कन समिति रहनेछ ।

(घ) उपदफा ९ (ग) बमोजिम गठित समितिले संस्थाबाट पेस गरिएका स्वमूल्याङ्कन आवेदनका आधारमा संस्थाहरूको भौतिक पूर्वाधार, फ्याकल्टी, प्राज्ञिक गतिविधि, सेवाप्रवाह, स्वास्थ्य मापदण्ड पालना, विशेषज्ञ सेवामा विशिष्टताका आधारहरू, उपलब्ध जनशक्ति, राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्य जस्ता बुँदाहरूमा प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन तयार गर्नेछ ।

(ङ) उपदफा ९ (घ) बमोजिमको प्रारम्भिक मूल्याङ्कन प्रतिवेदनका आधारमा संस्थाहरूको अनुगमन, गुणस्तर तथा मापदण्ड मूल्याङ्कन र सिट सङ्ख्या निर्धारणको प्रक्रिया अघि बढाइनेछ ।

१०. **<u>स्वमूल्याङ्कनका लागि आवेदन गर्ने संस्थाहरूको अनुगमन गर्ने गराउने:</u>** स्वमूल्याङ्कन फाराम पेस गर्ने संस्थाहरूको अनुगमन देहायबमोजिम हुनेछ:

(क) अनुगमनका लागि तीन देखि पाँच जनासम्मको विज्ञ समूह परिचालन गरिनेछ ।

(ख) विज्ञहरूको चयन एनबिएमएसमा रहेका विज्ञ सूची वा एनबिएमएसले आवश्यक ठहराएका सम्बन्धित विषयका विज्ञबाट हुनेछ ।

(ग) अनुगमनमा खटिने विज्ञलाई अनुगमनमा जानुपूर्व एनबिएमएसले अभिमुखीकरण गर्न सक्नेछ ।

(घ) उपदफा (क) बमोजिम खटिने तथा उपदफा (ग) बमोजिम अभिमुखीकरणमा सहभागी हुने विज्ञलाई आयोगको स्वीकृत आर्थिक कार्यविधिअनुसारको दैनिक भ्रमण खर्च तथा भत्ता उपलब्ध गराइनेछ ।

(ङ) स्थलगत अनुगमन (फिल्ड) बाट फर्की आएपछि प्रतिवेदन लेखन तयारीका लागि उपत्यकामा कार्य गर्दा उपलव्ध हुने बराबरको बढीमा तीन दिनसम्मको दैनिक भत्ता उपलव्ध गराइनेछ ।

११. **<u>अनुगमनको लागि खटिएको विज्ञको काम, कर्तव्य, अधिकार र आचारसंहिताः</u>** अनुगमनको लागि खटिने विज्ञको काम, कर्तव्य, अधिकार र आचारसंहिता देहायबमोजिम हुनेछः

(क) अनुगमनको लागि खटिएको शैक्षिक संस्थाको स्थलगत अनुगमन गर्नुपर्नेछ ।

(ख) एनबिएमएसबाट तोकिएको प्रारूपमा अनुगमन कार्य गर्नुपर्नेछ ।

(ग) विज्ञ समूहले अनुगमन गर्नुपूर्व आफूहरूमध्येबाट संयोजक (Team Leader) निर्धारण गर्नुपर्नेछ ।

(घ) विज्ञ समूहले अनुगमनबाट फर्किएको तीन दिनभित्र आफूबाट सम्पादित कार्यको प्रतिवेदनको हार्ड कपी र सफ्ट कपी एनबिएमएस सचिवालयमा बुझाउनुपर्नेछ ।

(ङ) फिल्डमा जानुपूर्व आफूले गर्ने कार्य र अनुगमन गर्न लागेको शिक्षण संस्थाको बारेमा अनुगमनकर्ताले कहींकतै कुनैपनि तवरले जानकारी गराउन वा सूचना दिन हुँदैन ।

(च) अनुगमनको क्रममा कुनै पनि शिक्षण संस्थाको आतिथ्यता तथा उपहार स्वीकार गर्नु हुँदैन ।

(छ) निष्पक्ष, तटस्थ, स्वतन्त्र र अनुगमनको मर्यादा कायम राखी कार्य सम्पादन गर्नुपर्दछ ।

(ज) अनुगमन स्थलमा अनुगमन गरिएको संस्थाको यो वा त्यो पक्ष राम्रो वा नराम्रो भनी टिका टिप्पणी गर्नुहुँदैन ।

(झ) अनुगमन हुने शिक्षण संस्थामा अनुगमनकर्ताको कुनै पनि प्रकारको आवद्धता हुनु हुँदैन ।

(ञ) अनुगमन गर्न जाने संस्थामा अनुगमनकर्ताको कुनै पनि संलग्नता नभएको भनी आयोगबाट तोकिएबमोजिमको कबुलियतना/स्वघोषणामा गर्नुपर्दछ ।

(ट) यस दफाबमोजिम गरेको कार्यको सूचना आफू बहालमा रहँदा वा नरहँदा समेत सम्बन्धित व्यक्ति तथा पदाधिकारीले गोप्य राख्नुपर्दछ ।

१२. **<u>अनुगमनः</u>** आयोगले आवश्यक ठानेमा शिक्षण संस्थाहरूको आवश्यकताअनुसार प्राज्ञिक तथा प्रशासनिक अनुगमन नियमिति रूपमा गर्न सक्नेछ ।

१३. **<u>निगरानीः</u>** आयोगले अनुगमनको क्रममा गरेका काम कारबाहीको सूक्ष्म निगरानी राख्न सक्नेछ ।

१४. **<u>समिति गठनः</u>** दफा १० बमोजिम परिचालित विज्ञ समूहले एनबिएमएसमा प्रतिवेदन पेस गरेपछि गुणस्तर मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउने प्रयोजनका लागि निम्नानुसारको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) निर्देशक, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज | संयोजक |
| (ख) निर्देशक, मापदण्ड तथा प्रत्यायन निर्देशनालय | सदस्य |
| (ग) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्डबाट तोकिएका विज्ञ एकजना | सदस्य |
| (घ) चिकित्सा शिक्षा आयोगका उपाध्यक्षबाट मनोनित विज्ञ एकजना | सदस्य |

(ङ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका वरिष्ठ कर्मचारी सदस्य-सचिव

१५. **<u>अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण सिफारिस समितिको काम, कर्तव्य र अधिकार:</u>** दफा १४ बमोजिम गठित अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) अनुगमन समूहद्वारा प्रस्तुत भएको प्रतिवेदनलाई मुख्य आधार मानी समितिले Yardstick बनाई सो का आधारमा यसै दफाको उपदफा ख देखि ञ सम्मका कुराहरूमा मूल्याङ्कन गर्नेछ ।

(ख) संस्थाहरूको भौतिक पूर्वाधार (Infrastructure/Hospital Services)

(ग) सम्बन्धित स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रम अन्तर्गत विभिन्न विभागका पूर्वाधारहरुको मूल्याङ्कन

(घ) प्राज्ञिक कार्यहरुका लागि उपलब्ध स्रोत साधनहरुको मूल्याङ्कन

(ङ) शैक्षिक जनशक्तिको उपलब्धता तथा प्राज्ञिक एकाइ (Academic Unit) को आँकलन

(च) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, मेडिकल काउन्सिलहरु अन्तर्गतको मापदण्ड लागू हुने अवस्थामा सो को आँकलन

(छ) संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत पुऱ्याएको सेवाको मूल्याङ्कन

(ज) संस्थाले प्राज्ञिक उन्नयन तथा अनुसन्धान क्षेत्रमा गरेका कार्यको मूल्याङ्कन

(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज एवम् चिकित्सा शिक्षा आयोगसँगको सहकार्य तथा दूरगामी स्थायित्वको आँकलन

(ञ) समितिले आवश्यक ठहऱ्याएका विषयहरूको मूल्याङ्कन

१६. **<u>सिट निर्धारण:</u>** सिट निर्धारण सिफारिस प्रतिवेदन देहाय बमोजिम तयार गर्नुपर्नेछ:

(क) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को परिधिभित्र रही सिट सिफारिस गर्नुपर्नेछ ।

(ख) संस्थामा उपलव्ध दफा १५ बमोजिमको मापदण्ड पूरा गरेको र दफा ७ र ८ बमोजिम शिक्षक (फ्याकल्टी) एवम् प्राज्ञिक एकाइको आधारमा सिट विवरण तयार गर्नुपर्नेछ ।

(ग) अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण सिफारिस समितिको प्रतिवेदन एनबिएमएसका निर्देशकले आवश्यक प्रक्रियाका लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा पेस गर्नुपर्नेछ ।

(घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको बोर्ड बैठकमा सिफारिस समितिको प्रतिवेदन माथि आवश्यक छलफल पछि बोर्डको निर्णय सहित कार्यकारी समितिमा पेस गर्नुपर्नेछ ।

(ङ) सिट स्वीकृत भएका संस्थाहरू कार्यक्रम शुरूवातको लागि मान्य हुनेछन् र स्वीकृत संस्थाहरूलाई National Board Accredited Centres for Specialty/Subspecialty भनिने छ ।

## परिच्छेद – ६

## शिक्षण संस्थाको पूर्वाधारसम्बन्धी व्यवस्था

**१७. शिक्षण संस्थाको पूर्वाधारः**

(१) बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले यस कार्यविधिमा उल्लेख भएका उद्देश्य पूरा गर्ने लिखित प्रतिबद्धता जाहेर गर्नुपर्दछ।

(२) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले आफ्नो संस्थाको संगठन संरचना, आर्थिक अवस्था, शिक्षण संस्था हुनका लागि आवश्यक पूर्वाधार, शिक्षण कार्यमा संलग्न हुन चाहनुको उद्देश्य, राज्यको आवश्यकता परिपूर्ति गर्न सक्ने क्षमता, सामाजिक उत्तरदायित्व, विद्यार्थीलाई प्रदान गरिने सेवा सुविधा र सञ्चालन गर्न चाहेको कार्यक्रम वा विषयका बारेमा प्रष्ट सँग खुलाई आवेदन गर्नुपर्नेछ ।

**१८. कार्यक्रम सञ्चालनका लागि आवश्यक न्यूनतम आधारः**

(१) बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालन हुने अस्पतालको वर्गिकरण र कार्यक्रम देहायबमोजिम हुनेछ ।

क. १०० शैया वा सो भन्दा माथिका अस्पतालले एक भन्दा बढी स्पेसियालिटी तथा सबस्पेसियालिटी विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

ख. १०० शैयासम्म क्षमता भएका विशेषज्ञ अस्पतालले सोही विषयका कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

ग. ओपिडीका आधारमा सेवा प्रदान गर्ने तथा अनिवार्य रुपमा न्यूनतम १०० बेड संख्या आवश्यक नपर्ने Ophthalmology, Dermatology, Radiation Oncology विषयका हकमा अन्य मापदण्ड पूरा भई सम्बन्धित विधामा ५० बेडको अस्पताल सञ्चालन गर्न अनुमति प्राप्त भएको भएमा स्पेसियालिटी तहका कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गर्न सकिनेछ ।

घ. कार्यक्रम सञ्चालनका लागि सम्बन्धित शैक्षिक कार्यक्रमको पाठ्यक्रमले निर्धारण गरेका सम्पूर्ण मापदण्ड पूरा भएको हुनुपर्नेछ।

ङ. बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले सम्बन्धित सरकारको स्वास्थ्यसम्बन्धी मापदण्ड पूरा गरी नियमानुसार सञ्चालन स्वीकृति तथा नवीकरण गरेको हुनुपर्नेछ।

(२) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले स्पेसियालिटी तहमा अध्ययन गर्ने विद्यार्थीलाई कम्तीमा नेपाल सरकारको मेडिकल अधिकृत र सबस्पेसियालिटी तहमा अध्ययन गर्ने विद्यार्थीलाई कम्तीमा नेपाल सरकारको नवौं तहको विशेषज्ञले पाउने तलब बराबरको निर्वाह भत्ता उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम बाहेक विद्यार्थीलाई आवासीय/अन्य सुविधा सम्बन्धित संस्थाले उपलब्ध गराउन सक्नेछ ।

(४) कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले विद्यार्थीलाई नियमित ओपिडी तथा क्लिनिकल काम बाहेक हप्तामा दुई पटक चौबीस घण्टे ड्युटी लगाउन सक्नेछ। अन्तिम परीक्षाको तयारीका लागि विद्यार्थीलाई परीक्षाको कम्तीमा दुई हप्ता अगाडि क्लिनिकल दायित्वबाट छुट्टी दिनुपर्नेछ।

(५) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थामा तोकिएको कार्यक्रमका लागि आवश्यक भौतिक संरचना उपलब्ध भएको हुनुपर्नेछ ।

(६) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थामा सम्बन्धित कार्यक्रमको लागि सो विभागमा तोकिएको शैयामा विगत तीन महिनामा सरदर साठी प्रतिशत विरामी भर्ना भएको हुनुपर्नेछ।

(७) प्रतिष्ठान, विश्वविद्यालय वा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालन हुनेछैनन् ।बोर्डबाट पहिचान तथा स्वीकृत गरिएका प्राज्ञिक एकाइहरुबाट (Academic Unit) अन्य एकेडेमिक कार्यक्रमहरु सञ्चालन हुनेछैनन् ।

(८) बोर्ड अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन गर्नका लागि अनुमति प्राप्त गर्ने संस्थाले अनुसूची-१ बमोजिम बोर्डसँग द्विपक्षीय करार सम्झौता गर्नुपर्नेछ ।

## परिच्छेद - ७

## विषय समितिसम्बन्धी व्यवस्था

**१९. विषय समिति (Subject Committee) :**

१. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सर्जिकल स्पेसियालिटिज, मेडिकल स्पेसियालिटिज र डायग्नोष्टिक स्पेसियालिटिज गरी तीनवटा विषय समितिहरू रहनेछन । विषय समितिको गठन देहायबमोजिम हुनेछ

(क) एनबिएमएस कार्यक्रम सञ्चालन भएका संस्थाका विषयगत संयोजकहरूमध्येबाट एकजना -संयोजक

(ख) फ्याकल्टीहरूमध्येबाट तीनजना -सदस्य

(ग) सम्बन्धित क्षेत्रका विज्ञहरूमध्येबाट दुईजना -सदस्य

(घ) बरिष्ठ अधिकृत, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज -सदस्य सचिव

२. विषय समितिमा मनोनित हुने संयोजक तथा सदस्यहरूको मनोनयन बोर्डको सिफारिसमा कार्यकारी समितिबाट हुनेछ ।

३. विषय समितिका संयोजक तथा सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

४. विषयसमितिको बैठक कम्तिमा तीन महिनामा एक पटक वा आवश्यकताबमोजिम बस्न सक्नेछ ।

५. विषयसमितिको बैठक भत्ता तथा अन्य सुविधा आयोगको प्रचलित आर्थिक नियमानुसार उपलब्ध गराइनेछ ।

६. विषय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) एनबिएमएस कार्यक्रम सञ्चालनका लागि स्वीकृति प्राप्त विषयहरूको पठनपाठन सञ्चालन गर्नका लागि कार्यतालिका तयार गरी कार्यान्वयन गराउने,

(ख) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्ना भएका रेजिडेन्टहरूको शोधपत्रको प्रस्ताव तथा शोधपत्र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(ग) एनबिएमएस कार्यक्रमको आन्तरिक मूल्याङ्कन (Internal Assessment) तथा बोर्ड परीक्षा सञ्चालनका सन्दर्भमा आवश्यकता अनुसार समन्वय गरी कार्य गर्ने,

(घ) आवश्यकतानुसार एनबिएमएस परीक्षा समिति तथा अन्य समितिहरूसँग समन्वय गर्ने,

(ङ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका नयाँ विषयका पाठ्यक्रम निर्माण तथा सञ्चालनमा रहेका पाठ्यक्रम परिमार्जनका लागि आवश्यक समन्वय गरी काम गर्ने,

(च) एनबिएमएस कार्यक्रम सञ्चालन भएका विषयका प्राज्ञिक एकाइहरूसँग (Academic Unit) समन्वय गरी पठनपाठन तथा अन्य विषयमा आइपरेका समस्या समाधानका लागि सहजीकरण गर्ने,

(छ) सम्बन्धित विषय समिति अन्तर्गतका एनबिएमएस कार्यक्रम तथा इ-लगबुक को नियमित अनुगमन गर्ने,

(ज) बोर्डको निर्देशन अनुसारका अन्य कार्यहरू गर्ने ।

७. विषय समितिका सदस्यहरूले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा पदअनुसारको आचरण पालना नगरेमा बोर्डको अध्यक्षको सिफारिसमा कार्यकारी समितिले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिनेछैन ।

## परिच्छेद– ८

## विद्यार्थी भर्ना सम्बन्धी व्यवस्था

२०. **एनबिएमएस कार्यक्रममा विद्यार्थी भर्नाका लागि न्यूनतम योग्यताः**

(१) स्नातकोत्तर तह सरहको स्पेसियालिटी कार्यक्रममा भर्ना हुनका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट एमबिबिएस वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता पश्चात नेपाल सरकारबाट मान्यताप्राप्त स्वास्थ्य संस्थामा एक वर्षको कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ ।

(२) सबस्पेसियालिटी कार्यक्रममा भर्ना हुनका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा MD/MS/NBMS Specialty वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञको रूपमा नाम दर्ता भएको हुनुपर्नेछ ।

(३) चिकित्सा शिक्षा आयोगबाट लिइने सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण भएको हुनुपर्नेछ।

२१. **एनबिएमएस कार्यक्रममा विद्यार्थी छनोटः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्ना प्रयोजनका लागि परीक्षा निर्देशनालयबाट विद्यार्थी छनोट हुनेछ ।

(२) सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षामा विद्यार्थीले हासिल गरेको योग्यताक्रम तथा विद्यार्थी स्वयंले रोजेको शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकताक्रमका आधारमा भर्नाका लागि माथिल्लो योग्यताक्रममा रहेका विद्यार्थीले प्राथमिकता पाउने गरी शिक्षण संस्था र शैक्षिक कार्यक्रममा परीक्षा निर्देशनालयबाट विद्यार्थी म्याचिङ गरिनेछ।

(३) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी र सबस्पेसियालिटी कार्यक्रममा परीक्षा निर्देशनालयबाट प्रकाशित सम्बन्धित तह तथा शैक्षिक कार्यक्रमको एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा खुला समूह (Open category) मा रहेका उम्मेदवारहरूमध्येबाट म्याचिङ हुनेछ ।

२२. **एनबिएमएस कार्यक्रममा विद्यार्थी भर्ना प्रक्रियाः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा परीक्षा निर्देशनालयबाट म्याचिङ भई भर्नाका लागि विद्यार्थी सिफारिस भएपछि विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाइनेछ ।

(२) परीक्षा निर्देशनालयले म्याचिङमार्फत भर्ना सूची प्रकाशित गरेपछि स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्नाका लागि छनोट भएका विद्यार्थीहरूले आयोगको नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा सम्पर्क राख्नुपर्नेछ ।

(३) एनबिएमएस कार्यक्रममा छनोट भई भर्ना हुन चाहने विद्यार्थीहरूले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, काउन्सिल दर्ता प्रमाणपत्र लगायत एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन

फाराम भर्दा पेस गरेका कागजातहरूको एक/एक प्रति फोटोकपी सहित सक्कल कागजात समेत लिएर नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा सम्पर्क राख्नुपर्नेछ ।

(४) निर्धारित सिटमा चिकित्सा शिक्षा आयोगबाट लिएको एकीकृत प्रवेश परीक्षाका आधारमा प्रकाशित योग्यताक्रम अनुसार म्याचिङ प्रणाली बमोजिम छनोट भई आएका विद्यार्थीहरुलाई आवश्यक कागजात र प्रक्रिया पूरा गरेपछि बोर्डले विद्यार्थी भर्ना गरेर अध्ययनका लागि छनोट भएका संस्थाहरुमा पठाउनेछ।

(५) भर्ना भएका विद्यार्थीहरुले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट निर्धारित शर्तहरु पालना गर्नुपर्नेछ।

(६) विदेशी विद्यार्थीको हकमा चिकित्सा शिक्षा आयोगद्वारा निर्धारित मापदण्डबमोजिम हुनेछ ।

(७) विद्यार्थी भर्ना गर्ने समयसीमा परीक्षा निर्देशनालयले तोकेबमोजिम हुनेछ ।

(८) कक्षा प्रारम्भ चिकित्सा शिक्षा आयोगको वार्षिक शैक्षिक क्यालेन्डर वा परीक्षा निर्देशनालयले सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(९) भर्ना कै समयमा विद्यार्थीले अनुसूची २ बमोजिमको कबुलियतनामा गरी बोर्डमा बुझाउनुपर्नेछ ।

२३. **एनबिएमएस कार्यक्रममा अध्ययनका लागि विद्यार्थीले बुझाउनुपर्ने शुल्कः**

(१) भर्नाको समयमा रजिष्ट्रेशन वापत रू. ५०,००० (पचास हजार रुपैयाँ मात्र), दोस्रो वर्षमा शोधकार्य/ लगबुक/इ-लगबुक Processing & Review वापत रू. ५०,०००(पचास हजार रुपैयाँ मात्र) र तेस्रो वर्षमा NBMS Board Examination & Certification का लागि एकमुष्ठ रू. २,०००,००( दुईलाख रुपैयाँ मात्र) चिकित्सा शिक्षा आयोगमा बुझाउनुपर्नेछ ।

(२) स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रममा भर्ना भई अध्ययन पूरा गर्न आवश्यक पर्ने अनिवार्य तालिम तथा सेमिनारहरूमा सहभागी भएबापतको रकम, आवास, यातायात तथा अन्य व्यक्तिगत खर्चहरू विद्यार्थी आफैंले व्यहोर्नुपर्नेछ ।

(३) बोर्डमा भर्ना भएसँगै अनुसूची ३ बमोजिमको रजिष्ट्रेशन फाराम भरी विद्यार्थीले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा बुझाउनुपर्नेछ ।

(४) कक्षा प्रारम्भ भएको तीन महिनाभित्रमा एनबिएमएसले विद्यार्थीलाई रजिष्ट्रेशन नम्बर कायम गरी उपलव्ध गराउनुपर्नेछ ।

## परिच्छेद– ९

## विद्यार्थी (रेजिडेन्ट) हरूको परीक्षा तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

२४. **विद्यार्थीको हाजिरीः**

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीको हाजिरी तथा उनीहरुको कामको विवरण उल्लेख भएको लगबुक/इ-लगबुक अनिवार्य रुपमा अध्यावधिक गरी राख्नुपर्नेछ। त्यस्तो हाजिरी र लगबुक/इ-लगबुकको विवरण अध्यावधिक गराउने जिम्मेवारी सम्बन्धित सिनियर फ्याकल्टी/फ्याकल्टीको हुनेछ ।

(२) बोर्डले आवश्यकताअनुसार विद्यार्थीको हाजिरी र लगबुक/इ-लगबुक विवरण कुनै पनि बखत माग गर्न सक्नेछ र सो उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित सिनियर फ्याकल्टी/फ्याकल्टीको हुनेछ ।

(३) कुनैपनि विद्यार्थी अन्तिम परीक्षामा बस्न योग्य हुनका लागि अध्ययन अवधिभरको नब्बे प्रतिशत रुजु हाजिरी पुगेको हुनुपर्नेछ । हाजिरी नपुगेका विद्यार्थी अन्तिम परीक्षामा बस्नका लागि योग्य हुने छैनन्।

(४) कुनैपनि कार्यक्रममा भर्ना भएका विद्यार्थी पूर्णकालीन र आवासीय चिकित्सक हुनेछन्। विद्यार्थीले अध्ययन गरेको संस्था वाहेक अन्यत्र निजी अभ्यास गर्न पाइनेछैन ।

(५) बोर्डका कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले एकैपटक वा पटक पटक गरी बर्षमा पन्ध्र दिन सम्म विदा लिन सक्नेछन् ।

२५. **विद्यार्थीको मूल्याङ्कनः**

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीको मूल्याङ्कन ज्ञान, सीप र क्षमताका आधारमा गरिनेछ ।

(२) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका रेजिडेन्टहरूको मूल्याङ्कन आन्तरिक मूल्याङ्कन (Internal Assessment) र अन्तिम बोर्ड परीक्षा (Final Board Examination) का आधारमा गरिनेछ ।

(३) विद्यार्थीको मूल्याङ्कन सैद्धान्तिक र प्रयोगात्मक दुबै पद्धतिबाट गरिनेछ।

(४) सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा प्रत्येक विषयमा छुट्टाछुट्टै पचास प्रतिशत अङ्क ल्याई उत्तीर्ण हुनुपर्नेछ।

(५) विद्यार्थीको आन्तरिक मूल्याङ्कन अर्धवार्षिक रुपमा गरिनेछ।

(६) अन्तिम बोर्ड परीक्षामा योग्य हुनका लागि आन्तरिक मूल्याङ्कनमा कम्तिमा पचास प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ तर आन्तरिक परीक्षाको अङ्कभार अन्तिम परीक्षामा जोडिनेछैन ।

(७) फ्याकल्टीले विद्यार्थीको हरेक सिकाइको रचनात्मक मूल्याङ्कन (Formative Evaluation) गर्नुपर्नेछ। सिकाइको क्रममा विद्यार्थीलाई पृष्ठपोषण (Feedback) प्रदान गरी सोको अभिलेख राख्नु फ्याकल्टीको कर्तव्य हुनेछ । पृष्ठपोषण (Feedback) प्रदान गर्दा सबल पक्ष, दुर्बल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु औंल्याई विद्यार्थीको सीप विकासमा मद्दत गर्नुपर्नेछ ।

(८) आन्तरिक परीक्षा सञ्चालन हुनुभन्दा कम्तिमा पन्ध्र दिन अगावै सम्बन्धित संस्थाले परीक्षाको कार्यतालिका एनबिएमएसमा पेस गर्नुपर्नेछ ।

(९) एनबिएमएसले विज्ञ परिचालन गरी आन्तरिक परीक्षाको अनुगमन तथा मूल्याङ्कन गर्न गराउन सक्नेछ।

(१०)आन्तरिक परीक्षाको परीक्षाफल सम्बन्धित प्राज्ञिक एकाइबाट प्रमाणित गरी परीक्षा सञ्चालन भएको पन्ध्र दिनभित्र बोर्डमा पेस गर्नुपर्नेछ ।

(११)परीक्षाफल प्रकाशन भए पश्चात परीक्षार्थी एवं फ्याकल्टी समेतको उपस्थितिमा छलफल गरी रेजिडेन्टको सुधार गर्नुपर्ने पक्षको बारेमा पृष्ठपोषण प्रदान गर्नुपर्नेछ ।

(१२)अन्तिम बोर्ड परीक्षा सञ्चालनको लागि तोकिएको ढाँचा अनुसार नै सम्बन्धित संस्थाले आन्तरिक परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(१३) विद्यार्थीको सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन तथा परीक्षाको ढाँचा र अङ्कभार अनुसूची-४ मा उल्लेख भएबमोजिम हुनेछ ।

(१४)बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले छ वर्षभित्रमा उक्त कार्यक्रम उत्तीर्ण गरिसक्नुपर्नेछ । सो समयावधिभित्र उत्तीर्ण हुन नसकेमा भर्ना भएको कार्यक्रमबाट स्वतः निस्कासित भएको मानिनेछ ।

तर पुनः एकीकृत प्रवेश परीक्षा दिई नयाँ भर्ना हुनका लागि बाधा पर्नेछैन ।

(१५)सम्बन्धित तहको अन्तिम बोर्ड परीक्षा सञ्चालन भएको छ महिना पछाडि मात्र पुनः परीक्षा एवम् छुट परीक्षा सञ्चालन गर्न सकिनेछ ।

२६. **सैद्धान्तिक परीक्षाः**

(१) विद्यार्थीको विषयगत ज्ञान मापन गर्नका लागि लिइने सैद्धान्तिक परीक्षामा विषयगत (Subjective) र वस्तुगत (Objective) दुबै प्रकारका प्रश्नहरु हुनेछन् ।

(२) विषयगत प्रश्नको भार साठी प्रतिशत र वस्तुगत प्रश्नको भार चालिस प्रतिशत हुनेछ ।

(३) विषयगत प्रश्न पत्र लामो उत्तर (Long Answer) दिनुपर्ने वा छोटो उत्तर (Short Answer) दिनुपर्ने वा दुबै प्रकृतिका हुनेछन् ।

(४) वस्तुगत प्रश्न बहुवैकल्पिक हुनेछन् ।

(५) प्रश्न पत्र याद गर्ने वा कण्ठ पार्ने (Recall), बोधजन्य वा बुझाइ (Understanding) र प्रयोग (Application) मा आधारित हुनेछन् ।

(६) बोर्डले परीक्षा सञ्चालन गर्न प्रश्न पत्र निर्माणका लागि विशिष्टीकरण तालिका ( Specification Chart) निर्माण गर्न सक्नेछ।

२७. **प्रयोगात्मक परीक्षाः**

(१) विद्यार्थीको सक्षमता (Competency) र सीप मापनका लागि लिइने प्रयोगात्मक परीक्षामा बिरामीको सर्ट केस (Short Case) र लङ्ग केस (Long Case) तथा दुबै प्रकारका वा विषयको प्रकृति अनुसार अन्य प्रकारका प्रश्नहरु समावेश हुनेछन् ।

(२) प्रश्नहरुको छनोट परीक्षकहरुबाट हुनेछ ।

२८. **OSCE/OSPE/TOACS:**

(१) विद्यार्थीको निर्णय क्षमता र सीप कौशल मापनका लागि लिइने प्रयोगात्मक सिकाइको परीक्षामा विभिन्न स्टेशन (Multiple Station) भएको छोटो परीक्षा लिइनेछ। यस्तो परीक्षालाई Objective Structured Clinical Examination (**OSCE**), Objective Structured Practical Examination (**OSPE**), Task Orientated Assessment of Clinical Skill (**TOACS**) भनिनेछ।

(२)परीक्षा स्टेशनमा राखिने विषयगत विधि, प्रकृया, समय, सामान, छाँयाचित्र आदिको छनोट परीक्षकहरुको सहमतिमा तय गरिनेछ ।यस्तो परीक्षामा आवश्यकता अनुसार कम्प्युटर लगायतका आधुनिक प्रविधिको समेत प्रयोग गर्न सकिनेछ ।

(३) हरेक स्टेशनका लागि निश्चित समय निर्धारण गरिनेछ ।

२९. **मौखिक परीक्षाः**

(१) विद्यार्थीको विषयगत ज्ञान तथा तत्काल निर्णय गर्न सक्ने क्षमता मापनका लागि मौखिक (Viva-Voce) परीक्षा लिइनेछ। यस्तो परीक्षामा विषयबस्तुको विषयगत ज्ञान, सम्बन्धित विषयका नयाँ खोज-अनुसन्धान, नयाँ प्रविधिहरु, विषयको विशिष्ट प्राप्तिहरु, विशिष्टिकृत सेवाको माध्यमबाट गर्न सकिने योगदान आदि समावेश गरिनेछ।

(२) मौखिक परीक्षाको अवधि आधा घण्टा देखि एक घण्टा सम्मको हुनेछ ।

(३) मौखिक परीक्षाको मूल्याङ्कन एनबिएमएसले तोकेको ढाँचामा हुनेछ ।

३०. **शोधकार्यः**

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रममा भर्ना भएका विद्यार्थीका लागि शोधकार्य (Thesis) अनिवार्य हुनेछ ।

(२) शोधकार्यको (Thesis) शीर्षक छनोट सिनियर शिक्षक (फ्याकल्टी) तथा विद्यार्थी (रेजिडेन्ट)को समन्वयमा कार्यक्रममा भर्ना भएको छ महिनाभित्र तय गरिसक्नुपर्नेछ र त्यस्तो शोधकार्यको शीर्षक विषय समिति/प्राज्ञिक एकाइबाट स्वीकृत हुनुपर्नेछ ।शोध शीर्षक स्वीकृत भएको लिखित जानकारी बोर्डमा गराउनुपर्नेछ ।

(३) शोधकार्यका (Thesis) लागि सिनियर फ्याकल्टी वा फ्याकल्टी मात्र शोधपत्र दिग्दर्शक (Thesis Guide) हुन सक्नेछन् ।

(४) शोधकार्य (Thesis) शुरु हुनु अगावै सम्बन्धित निकाय/Ethical Review Committee (IRC) बाट अनुसन्धानका लागि आवश्यक अनुमति प्राप्त गरिसकेको हुनुपर्नेछ ।

(५) शोधकार्य (Thesis) आफैंले सङ्कलन गरेको तथ्याङ्कमा आधारित हुनुपर्नेछ तर अन्यत्र लिइएको वा पहिले सङ्कलन गरिएको वा प्रयोग भइसकेको तथ्याङ्कमा आधारित शोधकार्य (Thesis) मान्य हुनेछैन।

(६) एनबिएमएस बोर्ड परीक्षामा सहभागी हुने रेजिडेन्टहरूले आफूले गरेको शोधकार्य बोर्ड परीक्षा हुनुभन्दा छ महिना अगाडि सम्बन्धित शिक्षण संस्थाको प्राज्ञिक एकाइबाट प्रमाणित गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा बुझाउनुपर्नेछ ।

(७) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले स्पेसियालिटी तहका हकमा वाह्य विज्ञबाट (External Expert) बाट रिभ्यू गराई एनबिएमएस निर्देशकको संयोजकत्वमा विषय समितिबाट स्वीकृत गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(८) सबस्पेसियालिटी तहका हकमा वाह्य विज्ञबाट (External Expert) बाट रिभ्यू गराई तपसिल बमोजिमको शोधकार्य डिफेन्स उपसमिति मार्फत शोधकार्यको डिफेन्स गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

| | |
|---|---|
| क. निर्देशक नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज | संयोजक |
| ख. वाह्य विज्ञ दुई जना (External Expert) | सदस्य |
| ग. विषय समितिका संयोजक | सदस्य |
| घ. विषय समितिका सदस्यहरूमध्येबाट संयोजकले तोकेका दुई जना | सदस्य |
| ङ. शोधकार्य गाइड वा निजको अनुपस्थितिमा को-गाइड एक जना | सदस्य |
| च. एनबिएमएस सचिवालयको वरिष्ठ कर्मचारी | सदस्य-सचिव |

(९) पहिलो पटक External Review गर्न जिम्मेवारी पाएका विज्ञहरुबाट भएको मूल्याङ्कनमा कुनै दुविधा वा शंका उत्पन्न भएमा कार्यकारी समितिसँगको परामर्शमा निर्देशकले अन्य विज्ञहरूबाट पुनः रिभ्यू र शोधकार्य डिफेन्स गराउन सक्नेछ ।

(१०) शोधकार्य रिभ्यूको लागि विज्ञ छनौट गरी मूल्याङ्कन गराउने जिम्मेवारी एनबिएमएसका निर्देशकको हुनेछ।

(११) शोधकार्य रिभ्यू गर्ने विज्ञले पारिश्रमिक र शोधकार्य डिफेन्स उपसमितिका सदस्यहरूले नियमानुसारको बैठक भत्ता पाउनेछन् ।

(१२) शोधपत्रको मूल्याङ्कन बोर्डको सिफारिसमा कार्यकारी समितिबाट स्वीकृत भए बमोजिमको ढाँचामा वाह्य विज्ञबाट (External Expert) हुनेछ।

(१३) अन्तिम परीक्षामा सामेल हुनका लागि शोधकार्य (Thesis) स्वीकृत भएको हुनुपर्नेछ ।

## ३१. ओरिजिनल रिसर्च आर्टिकल प्रकाशनः

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुका लागि अध्ययन अवधिभरमा स्पेसियालिटी/सबस्पेसियालिटी तहका लागि एउटा ओरिजिनल रिसर्च आर्टिकल प्रकाशन गर्नुपर्नेछ ।

(२) अध्ययन अवधिभरमा रेजिडेन्टहरूले प्रकाशन गर्नुपर्ने ओरिजिनल रिसर्च आर्टिकलका सम्बन्धमा Indexd/Peer Reviewed Journal मा प्रकाशित भएको वा प्रकाशनका लागि स्वीकृत भएको लेख मान्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सबस्पेसियालिटी तहका हकमा प्रकाशन भएको ओरिजिनल रिसर्च आर्टिकललाई मात्र मान्यता दिइनेछ ।

(४) स्पेसियालिटी तहका हकमा प्रकाशनका लागि स्वीकृत भएको लेख वा केस रिपोर्ट (Case Report) लाई पनि मान्यता दिइनेछ ।

(५) विद्यार्थीले शैक्षिक सत्रको पहिलो वर्षदेखि नै विषयगत सिकाइका क्रममा ओरिजिनल रिसर्च आर्टिकल प्रकाशन प्रक्रिया अगाडि बढाउनुपर्नेछ ।

(६) लेख प्रकाशनका लागि बोर्डले सहजीकरण गर्न सक्नेछ।

(७) प्रकाशित लेखको अभिलेख अन्तिम परीक्षा हुनु अगावै विषयगत समिति तथा बोर्डमा प्रस्तुत गरेको हुनुपर्नेछ ।

(८) लेख प्राज्ञिक एकाइबाट प्रमाणित गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा पेस गर्नुपर्नेछ।

(९) एनबिएमएसका निर्देशकको संयोजकत्वमा विषय समिति मार्फत ओरिजिनल रिसर्च आर्टिकलको मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

**३२. इ-लगबुकः** रेजिडेन्टहरूले नियमित रूपमा अध्यावधिक गर्नुपर्ने इ-लगबुकका सम्बन्धित विषयको प्राज्ञिक एकाइबाट प्रमाणित भएपश्चात E-logbook Central Monitoring Unit(CMU)/विषय समितिबाट मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद - १०

## परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी

**३३. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तिम बोर्ड परीक्षा सञ्चालन उपसमितिः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत रहेर परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्राविधिक तथा प्रक्रियागत काम गर्ने प्रयोजनका लागि देहायबमोजिमको अन्तिम बोर्ड परीक्षा सञ्चालन उपसमिति रहनेछ ।

(क) निर्देशक, एनबिएमएस, चिकित्सा शिक्षा आयोग -अध्यक्ष

(ख) निर्देशक,परीक्षा निर्देशनालय, चिकित्सा शिक्षा आयोग -सदस्य

(ग) एनबिएमएस कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू मध्येबाट Surgical, Medical तथा Diagnostic Specialties का विषय समितिका संयोजकहरू तीनजना -सदस्य

(घ) परीक्षासम्बन्धी अनुभव हासिल गरेका चिकित्सा शिक्षा क्षेत्रका विज्ञहरूमध्ये अध्यक्षको सिफारिसमा कार्यकारी समितिबाट मनोनित एक जना -सदस्य

(च) बरिष्ठ अधिकृत, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज -सदस्य सचिव

(२) मनोनित सदस्यहरूको पदावधि चार बर्षको हुनेछ ।

(३) मनोनित सदस्यले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेमा वा पद अनुसारको आचरण पालना नगरेमा अध्यक्षको सिफारिसमा कार्यकारी समितिले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ तर यसरी हटाउनु अघि निजलाई सफाई पेस गर्ने मौका दिईनेछ ।

(५) परीक्षा उपसमितिले आफ्नो कार्यविवरण आफै निर्धारण गर्न सक्नेछ ।

(६) परीक्षा उपसमितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(७) परीक्षा उपसमितिको बैठकभत्ता तथा अन्य सुविधा आयोगको प्रचलित नियमानुसार हुनेछ ।

**३४. अन्तिम बोर्ड परीक्षा सञ्चालन उपसमितिको काम, कर्तव्य र अधिकारः** (१) परीक्षा सम्बन्धी काम गर्न गठित उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रश्न पत्र मोडरेशन तथा छपाईसम्बन्धी प्रक्रिया तय गर्ने,

(ख) परीक्षामा संलग्न हुने जनशक्ति व्यवस्थापन सम्बन्धी काम गर्ने,

(ग) परीक्षामा संलग्न हुने जनशक्ति र परीक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता तयार गर्ने,

(घ) परीक्षामा खटिने पर्यवेक्षकहरूको सूची तयार गर्ने,

(च) परीक्षा सञ्चालन, व्यवस्थापन तथा अनुगमन निरीक्षण सम्बन्धी कार्य गर्ने,

(छ) बोर्ड परीक्षाको नतिजा तयार गर्ने,

(ज) पुनर्योगको नतिजा तयार गर्ने,

(ज) बोर्ड परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

३५.	<u>परीक्षाको आवेदन सम्बन्धी व्यवस्था:</u>

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको निर्णयानुसार अन्तिम बोर्ड परीक्षाको आवेदन सम्बन्धमा देहायका विवरण खुलाई आयोगको वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(क) परीक्षाको तह, कार्यक्रम र विषय

(ख) बोर्ड परीक्षामा सहभागी हुनका लागि चाहिने न्यूनतम योग्यता

(ग) बोर्ड परीक्षा शुल्क

(घ) परीक्षाको किसिम

(ङ) परीक्षाको समयतालिका

(च) आवेदन दिने अन्तिम मिति

(छ) परीक्षासम्बन्धी अन्य आवश्यक विषय

(३) एनबिएमएस बोर्ड परीक्षाको आवेदन शुल्क वा परीक्षा तथा पुनः परीक्षा शुल्क परीक्षा समितिको सिफारिसमा कार्यकारी समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) एनबिएमएस अन्तिम बोर्ड परीक्षाको आवेदन फारामको नमूना अनुसूची-५ बमोजिम हुनेछ ।

(५) परीक्षा आवेदन रूजू गरी परीक्षा शुरू हुनुभन्दा एक हप्ता अगाडि परीक्षार्थीलाई प्रवेश पत्र उपलब्ध गराइनेछ ।

(६) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको अन्तिम बोर्ड परीक्षामा सहभागी हुन परीक्षार्थी भरेको आवेदन फारामलाई रूजू तथा भेरिफाई गर्ने कार्य बोर्डका अधिकृत स्तरका कर्मचारीबाट र स्वीकृति बोर्डका निर्देशकबाट हुनेछ । ।

(७) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको बोर्ड परीक्षामा सहभागी हुने परीक्षार्थीको प्रवेश पत्र जारी बोर्डका निर्देशक वा एनबिएमएस बोर्डका सदस्य-सचिवबाट हुनेछ ।

३६.	<u>अन्तिम परीक्षामा सहभागी हुनका लागि पूरा गर्नुपर्ने मापदण्डः</u>

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षामा सहभागी हुनका लागि रेजिडेन्टहरूले देहाय बमोजिमका मापदण्ड पुरा गरेको हुनुपर्नेछः

(क) सम्बन्धित संस्थाको प्राज्ञिक ईकाइबाट पाठ्यक्रमले तोकेबमोजिमका सक्षमता (Competencies) पूरा गरेको भनी प्रमाणित भएको हुनुपर्नेछ ।

(ख) अध्ययन अवधिभरको कम्तिमा नब्बे प्रतिशत हाजिरी भएको हुनुपर्नेछ ।

(ग) आन्तरिक मूल्याङ्कनमा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गरेको हनुपर्नेछ ।

(घ) आन्तरिक र बाह्य पोष्टिङ (Internal and External Rotational Posting) पूरा गरेको हुनुपर्नेछ।

(ङ) पाठ्यक्रमले तोकेका अनिवार्य तालिम (Mandatory Training) पूरा गरेको हुनुपर्नेछ ।

(च) शोधकार्य तथा इ-लगबुक प्रमाणित भएको हुनुपर्नेछ ।

(छ) ओरिजिनल रिसर्च आर्टिकल प्रकाशित/स्वीकृत भएको हुनुपर्नेछ ।

(ज) तोकेबमोजिमको परीक्षा दस्तुर बुझाएको हुनुपर्नेछ ।

(झ) प्रचलित कानुनबमोजिम गर्नुपर्ने अन्य कार्यहरू पुरा गरेको हुनुपर्नेछ ।

## परिच्छेद - ११

## प्रश्न पत्र निर्माण तथा छपाई सम्बन्धी

३७. **विज्ञ सूची तयार गर्ने:**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले बोर्ड परीक्षा सञ्चालन गर्ने प्रयोजनार्थ प्रश्न पत्र निर्माणका निर्धारित मापदण्डका आधारमा विज्ञहरूको सूची तयारी तथा अध्यावधिक गर्नुपर्नेछ ।

(२) सूचिकृत विज्ञबाट आवश्यकताअनुसार प्रश्न पत्र निर्माण गरिनेछ ।

(३) सूचिकृत विज्ञहरूले आयोगद्धारा निर्धारित आचारसंहिता पालना गर्नुपर्नेछ ।

३८. **प्रश्न पत्र निर्माण, सङ्कलन र प्रश्नपत्र बैक स्थापना:**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले प्रश्न पत्र निर्माण सम्बन्धी कार्यशाला सञ्चालन गरी प्रत्येक विषयका कोरा प्रश्न पत्र निर्माण गर्न लगाई प्रश्न पत्र बैकको स्थापना गर्न सक्नेछ ।

(२) प्रश्न पत्र निर्माण गर्ने विज्ञले उत्तरकुञ्जिका (Answer Key) समेत तयार पार्नुपर्नेछ ।

(३) प्रश्न पत्र निर्माण गर्दा विशिष्टिकरण तालिका (Specification Grid) को प्रयोग गर्नुपर्नेछ।

(४) एनबिएमएस निर्देशनालयले प्रश्न पत्र निर्माणमा संलग्न हुने विज्ञलाई सो सम्बन्धी अनुरोध पत्रका साथ निर्देशन र स्वघोषणा समेत संलग्न राखी पत्राचार गर्नुपर्नेछ ।

(५) विज्ञले तयार गरेका कोरा प्रश्न पत्र बुझाउँदा Hard Copy र Password Protected Soft Copy समेत सिलबन्दी गरी गोपनियताका साथ निर्देशक वा उक्त कार्य गर्न तोकिएका पदाधिकारी वा कर्मचारीलाई बुझाउनुपर्दछ ।

३९. **प्रश्न पत्र परिमार्जन (Moderation):**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशकले सम्बन्धित विषय विज्ञ सम्मिलित देहायबमोजिमको विषयगत प्रश्न पत्र परिमार्जन उपसमिति गठन गरी प्रश्न पत्र परिमार्जनको कार्य गराउन सक्नेछन् ।

(क) बोर्डका निर्देशक -संयोजक

(ख) सम्बन्धित विषयविज्ञहरू -सदस्य

(ग) बरिष्ठ अधिकृत, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज -सदस्य सचिव

(२) बोर्डले स्वीकृत आचारसंहिता पालना र गोपनियता सुनिश्चित हुने गरी कोरा प्रश्न पत्रको सिलबन्दी खाम तथा सफ्टकपी विषयगत कोड अनुसार छुट्याई विज्ञलाई बुझाउनुपर्नेछ ।

(३) बोर्डबाट बुझिलिएका कोरा प्रश्न पत्रका सिलबन्दी खामलाई विज्ञले प्रश्न पत्र परिमार्जनको लागि तोकिएको गोप्य कक्षमा प्रश्न पत्र परिमार्जन उपसमितिका संयोजक र एनबिएमएसका अधिकृत स्तरका कर्मचारीको रोहबरमा खोली बिषय अनुसार कम्प्युटर टाइप गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) विषयगत उपसमितिले सम्बन्धित विज्ञलाई आमन्त्रण गरी उपदफा (२) बमोजिम तयार गरिएका प्रश्न पत्र मध्येबाट आवश्यकता भन्दा दोब्बर संख्यामा प्रश्न पत्र परिमार्जन गर्नुपर्नेछ।

(५) विषयगत उपसमितिबाट प्रश्न पत्रको परिमार्जन कार्य सम्पन्न भएपछि पाठ्यक्रम अनुसार भए नभएको सम्बन्धमा निर्देशकको निर्देशन र नियन्त्रणमा प्रश्न पत्र परिमार्जन विषयगत उपसमितिले पुनः रूजू गरी प्रत्येक सेट प्रश्न पत्र विषयगत रूपमा छुट्टाछुट्टै खाममा सिलबन्दी गरी निर्देशक समक्ष पेस गर्नुपर्नेछ ।

(६) परिमार्जन गरी तयार गरिएका प्रश्न पत्रमध्येबाट कार्यकारी समिति तथा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका गरी कम्तिमा तीनजना सदस्यको रोहवरमा गोलाप्रथाबाट एक सेट प्रश्न पत्र छनोट गर्नुपर्नेछ।

(७) विशेष कारणवश कुनै परीक्षाकेन्द्रमा मात्र पुनः परीक्षा सञ्चालन गर्नुपर्ने अवस्था आएमा उपदफा ६ बमोजिम छनोट नभएको समानान्तर प्रश्नको सेटलाई प्रयोगमा ल्याउनुपर्नेछ ।

४०. <u>प्रश्न पत्र छपाईः</u>

(१) निर्देशकले आफ्नो उपस्थितिमा कर्मचारीबाट प्रश्न पत्र छपाई तथा प्याकेजिङको कार्य सम्पन्न गरी विषयगत रूपमा छुट्टाछुट्टै सिलबन्दी प्याकेट बनाइ प्रत्येक परीक्षाकेन्द्रका लागि अलग अलग सिलबन्दी गरी सुरक्षित तरीकाले परीक्षा सञ्चालन हुने दिन परीक्षा समय भन्दा कम्तिमा एक घण्टा अगाडि परीक्षा केन्द्रमा पुऱ्याउने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) प्रश्न पत्र छपाइको क्रममा रहेका काम नलाग्ने कागजातहरू र यससँग सम्बन्धित अन्य कागजातहरू यथाशीघ्र सुरक्षित किसिमले नष्ट गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद - १२

## परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षण

४१. **परीक्षकको व्यवस्था:**

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका रेजिडेन्टहरूको मूल्याङ्कनका लागि हरेक विषय वा विधामा कम्तिमा चार जना परीक्षक अनिवार्य हुनेछन् ।

(२) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशकले कार्यकारी समितिसँग समन्वय गरी स्वदेश वा विदेशबाट परीक्षक चयन गर्न सक्नेछ ।

(३) परीक्षक हुनका लागि सिनियर फ्याकल्टी तह सरहको योग्यता पुगेको विज्ञ हुनुपर्नेछ।

(४) स्पेसियालिटी/सबस्पेसियालिटी तहको परीक्षामा संलग्न भइसकेको फ्याकल्टी (शिक्षक) लाई रेजिडेन्टको मूल्याङ्कनका लागि प्राथमिकता दिइनेछ ।

(५) परीक्षा उपसमितिका अध्यक्षले एनबिएमएसका सदस्यहरू, परीक्षा उपसमितिका सदस्यहरू र एनबिएमएसका कोअर्डिनेटरहरू मध्येबाट परीक्षामा दक्षता भएका कुनै एक सदस्यलाई Convenor (समन्वयकर्ता) तोक्न सक्नेछन् ।

(६) कन्भेनरको पदावधि तोकिएको एक परीक्षा अवधिका लागि मात्र हुनेछ ।

(७) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तयार पारेको आचारसंहिता भित्र रहेर कन्भेनरले परीक्षा सञ्चालन सम्बन्धी जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

(८) कन्भेनरको काम, कर्तव्य तथा अधिकार नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम हुनेछ ।

(९) परीक्षक तथा कन्भेनरको पारिश्रमिक तथा अन्य सुविधा आयोगको स्वीकृत नर्म्स, कार्यकारी समितिको निर्णय तथा प्रचलित कानूनबमोजिम हुनेछ।

४२. **परीक्षा केन्द्र :**

(१) एनबिएमएस अन्तिम बोर्ड परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले एनबिएमएस आवद्ध संस्था (NBMS Affiliated Institute) हरूमध्येबाट वा आवश्यकता अनुसार अन्य स्थानमा परीक्षा केन्द्र चयन गर्न सक्नेछ ।

(२) सबै विषयका परीक्षा एउटै केन्द्रमा वा Surgical/Medical/Diagnostic Specialties का लागि छुट्टाछुट्टै केन्द्र तोकी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

(४) परीक्षा केन्द्रसम्बन्धी अन्य व्यवस्था नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले निर्धारण गरेबमोजिम हुनेछ ।

४३. <u>जनशक्ति व्यवस्थापनः</u>

१. परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले आवश्यकताअनुसार पर्यवेक्षक, नियन्त्रक, व्यवस्थापक, केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, सुपरिवेक्षक, समन्वयकर्ता, सिनियर फयसिलिटेटर, फ्यासिलिटेटर, निरीक्षक, सहयोगी कर्मचारी, सुरक्षाकर्मी लगायतका जनशक्ति खटाउनेछ ।

२. परीक्षामा खटिने जनशक्तिलाई बोर्डबाट तोकिए बमोजिमको परिचय पत्र प्रदान गरिनेछ ।

३. परीक्षा सञ्चालनमा खटिने जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिता नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम हुनेछ ।

४४. <u>उत्तर पुस्तिका भण्डारण तथा परीक्षणः</u>

(१) परीक्षा सम्पन्न भएपछि गोप्य तथा सुरक्षित तवरले उत्तरपुस्तिका यथाशीघ्र एनबिएमएस सचिवालय वा तोकिएको स्थानमा बुझाउनुपर्नेछ ।

(२) उत्तरपुस्तिका गोप्य र सुरक्षित रूपमा भण्डारणको व्यवस्था एनबिएमएसले मिलाउनुपर्नेछ ।

(३) परीक्षा सम्पन्न भए पश्चात बोर्डले आवश्यकतानुसार उत्तरपुस्तिका कोडिङ तथा डिकोडिङ गरी सुरक्षित, मर्यादित र गोप्य तरिकाले उत्तरपुस्तिका परीक्षण/संपरीक्षण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(४) सैद्धान्तिक तर्फको उत्तरपुस्तिका दफा ४१(२) बमोजिम चयन भएका परीक्षकहरूबाट बोर्डको सिफारिसमा कार्यकारी समितिले स्वीकृत गरेको मूल्याङ्कन फाराम बमोजिम परीक्षण हुनेछ ।

(५) सैद्धान्तिक तर्फको उत्तरपुस्तिका परीक्षण एनबिएमएसको सचिवालय वा प्रयोगात्मक परीक्षा केन्द्र वा कार्यकारी समितिको समन्वयमा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशकले तोकेको स्थलमा हुनेछ ।

(६) उत्तरपुस्तिका परीक्षण गर्ने विज्ञले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तयार पारेको आचारसंहिता भित्र रहेर परीक्षण गर्नुपर्नेछ।

(७) बहुबैकल्पिक प्रश्न (MCQ) को हकमा उत्तरकुन्जिकालाई आधार मानी उत्तरपुस्तिका परीक्षण गर्नुपर्नेछ ।

(८) प्रयोगात्मक परीक्षाको मूल्याङ्कन परीक्षकहरूबाट बोर्डको सिफारिसमा कार्यकारी समितिले स्वीकृत गरेको मूल्याङ्कन फाराम बमोजिम हुनेछ ।

## परिच्छेद - १३
## नतिजा प्रकाशन तथा पुनर्योग

४५. **नतिजा प्रकाशनः**

(१) उत्तरपुस्तिका परीक्षणको कार्य सम्पन्न भएपश्चात परीक्षकले सैद्धान्तिक, प्रयोगात्मक तथा मौखिक परीक्षाको प्राप्ताङ्कको तालिकीकरण बोर्डको सिफारिसमा कार्यकारी समितिले स्वीकृत गरेको फाराममा गरी नतिजा तयार गर्नुपर्नेछ।

(२) परीक्षकले तयार पारेको उपदफा(१) बमोजिमको नतिजालाई कन्भेनरले प्रमाणित गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज सचिवालयमा पेस गर्नुपर्नेछ ।

(३) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज सचिवालयले कन्भेनरले प्रमाणित गरी पेस गरेको नतिजालाई बोर्डको सिफारिसमा कार्यकारी समितिले स्वीकृत गरेको फाराममा एकीकृत गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको बोर्ड बैठकमा पेस गर्नुपर्नेछ ।

(४) बोर्ड बैठकको निर्णयानुसार अन्तिम परीक्षाफल आयोगको वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(५) बोर्ड परीक्षामा उत्तीर्ण रेजिडेन्टहरूलाई उपलब्ध गराइने प्रोभिजनल प्रमाणपत्र, ट्रान्सक्रिप्ट र उपाधि प्रमाणपत्रको नमूना क्रमशः अनुसूची ६, ७ र ८ बमोजिम हुनेछ।

४६. **पुनर्योगः**

(१) प्रकाशित नतिजा उपर चित्त नबुझ्ने उम्मेदवारले पुनर्योगको लागि रू. एक हजार दस्तुर तिरी नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र अनुसूची ९ बमोजिमको ढाँचामा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा निवेदन दिनुपर्नेछ।

(२) निर्देशकले परीक्षा उपसमितिको विज्ञ सदस्यको संयोजकत्वमा विज्ञ सम्मिलित तीन सदस्यीय पुनर्योग उपसमिति गठन गर्नुपर्नेछ ।

(३) उपसमितिले निवेदन दिने म्याद समाप्त भएको सात दिनभित्र पुनर्योगको नतिजा तयार गरी निर्देशक समक्ष पेस गर्नुपर्नेछ ।

(४) उपसमितिबाट तयार भएको पुनर्योगको नतिजालाई निर्देशकले यथाशीघ्र प्रकाशनको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद – १४

## उपाधि तथा मान्यतासम्बन्धी व्यवस्था

४७. **उपाधिको नामाकरणः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्ना भई एनबिएमएस बोर्ड परीक्षामा उत्तीर्ण भएका रेजिडेन्टहरूलाई आयोगबाट राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ (झ) बमोजिम उपाधि प्रदान गरिनेछ ।

(२) स्पेसियालिटी तहको कार्यक्रम स्नातकोत्तर तह (MD/MS) सरहको हुनेछ । यस कार्यक्रममा उत्तीर्ण रेजिडेन्टलाई NBMS Specialty को उपाधि प्रदान गरिनेछ ।उदाहरणका लागि रेडियोलोजी विषयका लागि (NBMS Specialty- Radiodiagnosis), जनरल सर्जरीका लागि (NBMS Specialty - General surgery)

(३) सबस्पेसियालिटी तहको कार्यक्रम स्नातकोत्तर तहभन्दा माथिको Doctorate of Medicine/ Magister of Chirurgiae/ Post Graduate Sub Specialty Degree (DM/MCh) तहका कार्यक्रम सरहको हुनेछ। यस कार्यक्रममा उत्तीर्ण रेजिडेन्टलाई NBMS Sub Specialty को उपाधि प्रदान गरिनेछ। उदाहरणका लागि Critical Care Medicine विषयका लागि (NBMS Subspecialty -Critical Care Medicine), GI Surgery विषयका लागि (NBMS Subspecialty-GI Surgery)

(४) बोर्डबाट सञ्चालन हुने तहगत कार्यक्रमको सूची अनुसूची-१० बमोजिम हुनेछ । तहगत कार्यक्रमको सूची आवश्यकता अनुसार बोर्डको सिफारिसमा कार्यकारी समितिले थपघट वा संसोधन गर्न सक्नेछ ।

४८. **उपाधिको समकक्षताः**

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने स्नातकोत्तर तथा सो भन्दा माथिल्लो तहको क्रमशः स्पेसियालिटी तहलाई स्नातकोत्तर तह (MD/MS) सरह तथा सबस्पेसियालिटी तहलाई मेडिसिनतर्फ Doctorate of Medicine (DM) तथा सर्जरीतर्फ Magister of Chirurgiae (MCh)/Post Graduate Sub Specialty Degree सरहको मान्यता प्रदान गरिनेछ।

## परिच्छेद - १५

## दीक्षान्त समारोह सम्बन्धी व्यवस्था

४९. **उपाधि प्रदान गर्न दीक्षान्त समारोह आयोजना गरिने :**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको अन्तिम बोर्ड परीक्षामा सहभागी भई उत्तीर्ण भएका रेजिडेन्टहरूलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ (झ) मा उल्लेख भएबमोजिमको उपाधि प्रदान गर्नका लागि दीक्षान्त समारोहको आयोजना गरिनेछ।

(२) एनबिएमएस अन्तर्गतका कार्यक्रममा पहिलो ब्याचमा भर्ना भएका रेजिडेन्टहरूका लागि सञ्चालित एनबिएमएस बोर्ड परीक्षा सम्पन्न भएपश्चात पहिलो दीक्षान्त समारोहको आयोजना गरिनेछ ।त्यसपश्चात प्रत्येक वर्ष वा आवश्यकता अनुसार दीक्षान्त समारोह आयोजना गरिनेछ ।तर रेजिडेन्ट संख्याका आधारमा एक दीक्षान्त समारोह र अर्को दीक्षान्त समारोहबिचको फरक तीन वर्षभन्दा बढी हुनेछैन ।

(३) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले दीक्षान्त समारोह सञ्चालन गर्नका लागि बोर्ड परीक्षामा उत्तीर्ण रेजिडेन्टहरूको नामावली, उत्तीर्ण भएको तह, अध्ययन गरेको विषय र उत्तीर्ण गरेको वर्ष जस्ता विवरण उल्लेख भएको पुस्तिका तयार गर्नेछ।सो का लागि एनबिएमएसले आवेदन माग गर्नेछ ।

(४) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको सचिवालयद्धारा तयार पारिएको उपदफा (३) मा उल्लेख भएबमोजिमको नामावली सहितको विवरण निर्देशकले आयोगका उपाध्यक्ष समक्ष पेस गरी स्वीकृतिका लागि कार्यकारी समितिमा पठाउनु पर्नेछ ।

(५) पेस भएको नामावली सहितको विवरण तथा कार्यतालिका कार्यकारी समितिबाट स्वीकृत गरी अनुमोदनका लागि आयोगका अध्यक्ष समक्ष पठाउनुपर्नेछ ।अध्यक्षबाट अनुमोदन भएपश्चात दीक्षान्त समारोहको मिति तय गरी विस्तृत कार्यक्रम प्रकाशित गरिनेछ ।

(६) दीक्षान्त समारोह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी समग्र कार्य नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले गर्नेछ ।

(६) दीक्षान्त समारोह सञ्चालनको विस्तृत प्रकृया सहितको पुस्तिका तयार गरिनेछ । पुस्तिकामा समेटिने विषयबस्तुहरू अनुसुची - २४ बमोजिम हुनेछन् ।

५०. **दीक्षान्त समारोहमा सहभागी हुने आधारहरू:**

आयोगद्धारा आयोजना गरिने दीक्षान्त समारोहमा सहभागी हुनका लागि देहायबमोजिमका आधारहरू पूरा गरेको हुनुपर्नेछ ।

क) तोकिएका मापदण्डहरू पूरा गरी अन्तिम बोर्ड परीक्षा उत्तीर्ण भएको

क) रितपूर्वक अनुसूची २५ बमोजिमको आवेदन पेस गरेको

**५१. <u>दीक्षान्त कार्यक्रम प्रकाशन गरिने</u>:**

(१) आयोगद्वारा सञ्चालन गरिने दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन आव्हान सम्बन्धी संक्षिप्त सूचना राष्ट्रिय स्तरको पत्रिकामा तीस दिनको म्याद दिई कार्यक्रम सञ्चालन हुने मितिभन्दा कम्तीमा तीन महिना अगावै प्रकाशन गरिनेछ भने विस्तृत जानकारीसहितको सूचना आयोगको वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

(२) दीक्षान्त समारोह सम्बन्धी सार्वजनिक सूचनामा देहायबमोजिमका विषयहरू उल्लेख गर्नुपर्नेछः

(क) आवेदन दिने म्याद (आवेदन दिने सुरू र अन्तिम मिति)

(ख) दीक्षान्त समारोहमा भाग लिन पूरा गर्नुपर्ने आधारहरू

(ग) दीक्षान्त समारोह सञ्चालन हुने मिति, समय र स्थान

(घ) दीक्षान्त समारोहमा सहभागी हुनका लागि भर्नुपर्ने आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात र तिर्नुपर्ने शुल्क सम्बन्धी जानकारी

(ङ) समारोहमा सहभागी हुँदा लगाउनुपर्ने पोसाक (गाउन)को प्राप्ति र फिर्ता गर्ने प्रक्रिया

(च) अन्य आवश्यक कुराहरू

**५२. <u>दीक्षान्त समारोहमा भाग लिन आवेदन दिनुपर्ने</u>:**

(१) दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन आव्हान भएपछि तोकिएको म्यादभित्र देहायका विवरणसहितका कागजात संलग्न गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछः

(क) आवेदन फाराममा माग गरेबमोजिमका कागजात

(ख) बोर्डबाट सञ्चालित अन्तिम परीक्षामा उत्तीर्ण भएको लव्धांकपत्र (ट्रान्सक्रिप्ट)

(ग) तोकिए बमोजिमको फोटो

(घ) बोर्डद्वारा तोकिएको आवेदन शुल्क, सहभागिता शुल्क तथा पोसाक (गाउन) शुल्क, प्रमाणपत्र शुल्क लगायतका शुल्क बुझाउनुपर्नेछ ।

(२) म्याद नाघी आएको आवेदनउपर कुनै कारवाही हुने छैन र आवेदन स्वीकृत नभएसम्म दीक्षान्त समारोहमा समावेश गरिने छैन ।

**५३. <u>दीक्षान्त समारोह सञ्चालन सम्बन्धी प्रक्रिया</u>:**

(१) दीक्षान्त समारोह सञ्चालन प्रक्रिया नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) दीक्षान्त समारोहमा आयोगका अध्यक्ष, बिशिष्ट अतिथि तथा सहअध्यक्षहरू अतिथिका रूपमा रहनु हुनेछ ।समारोहको अध्यक्षता चिकित्सा शिक्षा आयोगका उपाध्यक्षले गर्नुहुनेछ ।

(३) दीक्षान्त समारोहमा अतिथिका रूपमा विश्वविद्यालयहरूका उपकुलपतिहरू, विश्वविद्यालय तथा प्रतिष्ठानका रेक्टरहरू, डीनहरू, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष/सदस्य, शिक्षा तथा स्वास्थ्य मन्त्रालयका सचिव तथा सहसचिवहरू, आयोगका सदस्यहरू, एनबिएमएस कार्यक्रम सञ्चालन भएका संस्थाहरूबाट फ्याकल्टी लगायतका प्रतिनिधिहरू एवं अन्य लब्धप्रतिष्ठित व्यक्तित्वहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(४) रेजिडेन्टहरूलाई उपलब्ध गराइने लव्धाङ्कपत्रमा (ट्रान्सकृप्ट) लगायतका प्रमाणपत्रहरूमा आयोगका उपाध्यक्ष र बोर्डका अध्यक्षद्वारा प्रमाणित हुने व्यवस्था गरिनेछ ।

(५) दीक्षान्त समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत समारोहमा समावेश हुने अतिथि र पाहुनाहरूलाई निमन्त्रणा गर्ने कार्य कार्यकारी समितिको परामर्शमा बोर्डले निर्धारण गर्नेछ।

(६) सामान्यतया दीक्षान्त समारोहको सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछः

**(अ) दीक्षान्त कार्यक्रममा आगमन र आसन ग्रहण**

(क) आयोगका अध्यक्षको आगमन (समयसमेत निर्दिष्ट हुनेछ )

(ख) आयोगका सहअध्यक्षको आगमन (समयसमेत निर्दिष्ट हुनेछ )

(ग) प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूको आगमन ((समयसमेत निर्दिष्ट हुनेछ)

(घ) दीक्षान्त मण्डपमा प्रोसेसन प्रवेश ( सबैको नाम र समयसमेत निर्दिष्ट हुनेछ) यस कार्यक्रममा साङ्गीतिक बाद्यवादनसहित प्रोसेसन प्रारम्भ हुने र प्रोसेसन हलभित्र प्रवेश गर्दा सम्पूर्ण महानुभावहरू उठ्न र आसन ग्रहण सम्पन्न नहुन्जेल उभिइरहन निर्देशित गरिनेछ ।

**(आ) दीक्षान्त मण्डपमा सम्पन्न हुने कार्यक्रमहरू**

क. बटुकहरूद्वारा स्वस्ति वाचन

ख. राष्ट्रिय गान

ग. बोर्डको आदर्श वाक्य (निर्धारित भएमा बोर्डका अध्यक्षबाट प्रस्तुत हुने)

घ. स्वागत मन्तव्य- एनबिएमएसका निर्देशकबाट

ङ. एनबिएमएसका निर्देशकबाट दिक्षान्त समारोह आरम्भ गर्नका लागि अध्यक्ष समक्ष निवेदन

च. आयोगका अध्यक्षबाट दीक्षान्त समारोह प्रारम्भको आज्ञा

छ. **उपाधि प्राप्त गर्न योग्य ठहरिएका रेजिडेन्टहरूको उपस्थितिः** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ (झ) बमोजिम उपाधि प्राप्त गर्ने योग्य रेजिडेन्टहरूलाई बोर्डका सदस्य- सचिवबाट क्रमशः उपस्थित गराइनेछ।

ज. **प्रतिज्ञाः** आयोगका अध्यक्षले आसनबाट उठेका दिक्षित हुने रेजिडेन्टहरूलाई निर्दिष्ट प्रतिज्ञा गराउनुहुनेछ ।

झ. **उपाधि प्रदान गर्न निवेदनः** आयोगका सदस्य-सचिव वा निर्देशकले उपाधि प्रदान गर्न अध्यक्ष समक्ष निवेदन गर्नुहुनेछ ।

ञ. **अनुपस्थितिमा उपाधि प्रदान गर्ने निवेदनः** उपाधि पाउन योग्य ठहरिएका तर दीक्षान्त समारोहमा उपस्थित हुन नसकेका रेजिडेन्टहरूलाई सो उपाधि प्रदान गर्ने अनुमतिका लागि आयोगका सदस्य-सचिव वा परीक्षा प्रमुखले अध्यक्ष समक्ष निवेदन गर्नुहुनेछ ।

ट. **दीक्षा वाक्य समुच्चारणः** आयोगका अध्यक्षबाट उठिरहेका रेजिडेन्टहरूलाई निर्दिष्ट दीक्षा वाक्यद्वारा सम्बोधन गर्दै आज्ञा हुनेछ ।

ठ. **दीक्षान्त भाषणः** विशिष्ट अतिथिबाट दीक्षान्त भाषण हुनेछ ।

ड. **पदक प्रदानः** रेजिडेन्टहरूलाई कुनै पदक प्रदान गर्ने कार्यक्रम भएमा बिशिष्ट अतिथि/प्रमुख अतिथि तथा अध्यक्षबाट पदक प्रदान गरिनेछ ।

ढ. दीक्षान्त समारोहलाई सम्बोधनका लागि आयोगका अध्यक्ष समक्ष अनुरोध गरिनेछ ।

ण. आयोगका अध्यक्षबाट सम्बोधन हुनेछ ।

त. **उपाधि ग्रहण गर्न रेजिडेन्टहरूलाई मञ्चमा आमन्त्रणः** सदस्य-सचिव वा निर्देशकबाट दीक्षान्त समारोहमा सहभागी क्रमशः स्पेसियालिटी र सबस्पेसियालिटीका रेजिडेन्टहरूलाई मञ्चमा आमन्त्रण गरिनेछ ।

थ. **उपाधिको प्रमाण पत्र प्रदानः** आयोगका अध्यक्ष तथा प्रमुख अतिथिबाट दीक्षान्त समारोहमा सहभागी भएका क्रमशः स्पेसियालिटी र सबस्पेसियालिटी तहका रेजिडेन्टहरूलाई उपाधिको प्रमाणपत्र प्रदान गरिनेछ ।

द. **दीक्षान्त समारोह समापनः** उपाधि प्रदानको कार्यक्रम समाप्त भएपछि आयोगका अध्यक्षको अनुमतिले आयोगका उपाध्यक्षले दीक्षान्त समारोह समापन गर्नुहुनेछ ।

(७) दीक्षान्त समारोहमा दीक्षित हुने सबै सहभागीहरूको उपाधिगत नामावली समावेश भएको पुस्तिका वितरण गरिनेछ ।

**५४.** **दीक्षान्त समारोहको पोसाक सम्बन्धी व्यवस्थाः** आयोगद्वारा सञ्चालन गरिने दीक्षान्त समारोहमा अध्यक्ष, सहअध्यक्ष,उपाध्यक्ष, प्रमुख अतिथि, निर्देशक, सदस्य सचिव, अन्य अतिथि तथा बोर्डका सदस्यहरू र रेजिडेन्टहरूले लगाउने औपचारिक पोसाक बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

**५५.** **प्रतिवेदन सार्वजनिक गरिनेः** आयोगले दीक्षान्त समारोह सम्पन्न भएपछि सम्बन्धित संस्था र दीक्षित रेजिडेन्टहरूको विवरणसहित समग्र कार्यकमका बारेमा एक प्रतिवेदन तयार गरी प्रकाशन गर्नेछ ।

## परिच्छेद– १६

## विविध

५६. **समन्वय तथा सहयोगः** (१) चिकित्सा शिक्षा आयोगको स्वीकृतिमा बोर्डले यस कार्यविधिमा उल्लेख भए बमोजिम स्पेसियालिटी/सबस्पेसियालिटी तह सरहका कार्यक्रम सञ्चालन गर्दै आएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु, आयोगका अन्य निर्देशनालयहरू, आवश्यकता अनुसार स्वदेशी तथा विदेशी संस्था तथा निकायहरूसँग पाठ्यक्रम विकास, शिक्षण विधि र प्रविधि, परीक्षा तथा मूल्याङ्कन विधि, उपाधि, मान्यता तथा समकक्षता, विषय समिति गठन, चिकित्सा शिक्षाको क्षेत्रका विविध विषयमा हुने अनुसन्धान आदि विषयमा समन्वय तथा सहयोग आदान प्रदान गर्न सक्नेछ ।

(२) यो कार्यविधि कार्यान्वयन गर्नका लागि बोर्डले आवश्यकता अनुसार अन्य कार्यहरु गर्न सक्नेछ।

५७. **अनुगमन तथा मूल्याङ्कनः** (१) चिकित्सा शिक्षा आयोगले यो कार्यविधिमा उल्लेख भएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ । साथै बोर्डले यस कार्यविधिमा उल्लेख भएका कार्यक्रमहरुको मूल्याङ्कन स्वतन्त्र संस्थाबाट समेत गराउन सक्नेछ ।

५८. **आर्थिक व्यवस्थापनः** (१) यस कार्यविधि अनुसार नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालित स्पेसियालिटी तथा सबस्पेसियालिटी तहको अन्तिम बोर्ड परीक्षा सञ्चालन तथा दीक्षान्त समारोह सञ्चालनका लागि आवश्यक पर्ने रकम स्वीकृत नर्म्स वा बोर्डले वार्षिक कार्यक्रमको आधारमा कार्यकारी समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

५९. **गोपनियता सम्बन्धी व्यवस्थाः** (१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटजले सञ्चालन गर्ने एनबिएमएस बोर्ड परीक्षा सम्बन्धी गोपनियता कायम गर्नुपर्ने विषयहरूको सूची तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराई सोही बमोजिम कार्य गर्न सक्नेछ ।

६०. **परीक्षामा प्रयोग गर्ने भाषा र मसीः** नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको अन्तिम बोर्ड परीक्षामा परीक्षार्थीले अङ्ग्रेजी भाषा र कालो रङको मसी प्रयोग गर्नुपर्नेछ ।

६१. **फ्याकल्टीको जिम्मेवारीः** विद्यार्थीहरू म्याचिङ भई भर्ना भइसकेपछि फ्याकल्टीको जिम्मेवारी तथा तह बृद्धि सम्बन्धी कार्य कार्यकारी समितिसँगको समन्वयमा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको निर्णयानुसार हुनेछ ।

६२. **स्वमूल्याङ्कन शुल्कः** एनबिएमएस कार्यक्रम सञ्चालनको लागि संस्थाहरूले स्वमूल्याङ्कन आवेदन गर्दा चिकित्सा शिक्षा आयोग कार्यकारी समितिबाट तोकिएको शुल्क बुझाउनुपर्नेछ ।

६३. **रोटेशनल पोष्टिङ, अनिवार्य पोष्टिङ, आन्तरिक तथा वाह्य पोष्टिङः** रेजिडेन्टहरूको अनिवार्य पोष्टिङ र स्वदेश तथा विदेशमा हुने अन्य पोष्टिङहरू सम्बन्धित संस्थाले गरी पोष्टिङ भएको एवं सम्पन्न भएको जानकारी एनबिएमएसमा अनिवार्य रूपमा गराउनुपर्नेछ ।आवश्यकता अनुसार अनिवार्य पोष्टिङको समन्वय

एनबिएमएसबाट हुन सक्नेछ । रोटेशनल पोष्टिङ लगायतका पोष्टिङ सम्बन्धी अन्य व्यवस्था सम्बन्धित विषयको पाठ्यक्रममा उल्लेख भएबमोजिम हुनेछ ।

६४. **<u>प्रमाणपत्रः</u>** उत्तीर्ण भएका विद्यार्थीले ट्रान्सक्रिप्ट, प्रोभिजनल प्रमाणपत्र तथा उपाधिसम्बन्धी प्रमाणपत्र प्राप्त गर्नका लागि अनुसूची ११ बमोजिमको निवेदनसाथ आयोगबाट तोकिएको शुल्क बुझाएको हुनुपर्नेछ ।

६५. **<u>ग्रेडिङ प्रणालीः</u>** बोर्डबाट सञ्चालन भएको अन्तिम बोर्ड परीक्षामा उत्तीर्ण भई असी प्रतिशत र सो भन्दा बढी अङ्क प्राप्त गरेमा डिस्टिङसन (Distinction), पैसठ्ठी प्रतिशतदेखि उनान्असी प्रतिशतसम्म अङ्क प्राप्त गरेमा फस्ट डिभिजन (First Division), पचपन्न प्रतिशतदेखि चौसठ्ठी प्रतिशतसम्म अङ्क प्राप्त गरेमा सेकेण्ड डिभिजन (Second Division) र पचासदेखि चउन्न प्रतिशतसम्म अङ्क प्राप्त गरेमा पास डिभिजन (Pass Division) उल्लेख गरी ट्रान्सक्रिप्ट जारी गरिनेछ ।

६६. **<u>परीक्षा फारामको प्रयोगः</u>** सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा सञ्चालनको क्रममा अनुसूची १२ देखि २३ सम्मका फारामहरू प्रयोग गरिनेछ र आवश्यकता अनुसार अन्य फारामहरू प्रयोगमा ल्याउन सकिनेछ ।

६७. **<u>कार्यक्रमको अवधि विस्तारः</u>** कुनै कारणले ६ हप्ताभन्दा बढी विदामा बसेका विद्यार्थीको हकमा सम्बन्धित विषय समितिले निर्णय गरेबमोजिम हुनेछ ।

६८. **<u>आचारसंहिताः</u>** नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका रेजिडेन्टहरूले निम्नानुसारको आचारसंहिता पालना गर्नुपर्नेछः

(क) अन्तिम बोर्ड परीक्षामा सहभागी हुनुपूर्व बोर्डले तोकेको शुल्क लगायतका मापदण्डहरू पूरा गरी परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।

(ख) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट जारी प्रवेश पत्र साथमा लिएर मात्र परीक्षा केन्द्र/परीक्षा हलमा जानुपर्नेछ ।

(ग) परीक्षा शुरू भएको आधा घण्टापछि परीक्षा हलमा प्रवेश गर्न पाइने छैन ।

(घ) तोकिएको सिटप्लान अनुसारको आफ्नो स्थानमा बसी परीक्षा दिनु पर्नेछ ।

(ङ) प्रवेश पत्रमा उल्लेख भएका विषयहरूमा मात्र परीक्षा दिनुपर्नेछ ।

(च) तोकिएको भाषा वा माध्यममा मात्र परीक्षा दिनुपर्नेछ ।

(छ) तोकिएको परीक्षा केन्द्रबाट मात्रै परीक्षा दिनुपर्नेछ ।

(ज) मोबाइल फोन, ट्याब लगायतका विद्युतीय सामग्री तथा उपकरण एवम् किताब, कापी, नोट जस्ता परीक्षामा निषेधित वस्तुहरू परीक्षा हलमा लानु हुँदैन ।

(झ) परीक्षा भवनको हातामा अरू कसैलाई ल्याउनु हुँदैन ।

(ञ) केन्द्राध्यक्ष लगायत परीक्षा केन्द्रमा रहेका अन्य व्यक्तिहरूलाई अभद्र व्यवहार गर्नुहुँदैन ।

(ट) उत्तरपुस्तिकाको अग्रभागमा उल्लिखित विवरणहरू अनिवार्य रूपमा भर्ने र पालना गर्ने गर्नुपर्दछ ।

(ठ) परीक्षा अवधि पूरा नगरी परीक्षा हल छोड्न पाइने छैन ।

(ड) परीक्षा हल छोड्नु अगाडि प्रश्नपत्र र उत्तरपुस्तिका निरीक्षकलाई बुझाउनुपर्नेछ ।

(ढ) परीक्षार्थीले आफ्नो हाजिरी अनिवार्य रूपमा गर्नुपर्नेछ ।

(ण) परीक्षार्थीले परीक्षाको मर्यादा विपरितका कार्यहरू गर्नुहुँदैन।

(त) साँचो विवरणसहित परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले भरेको हुनुपर्नेछ ।

(थ) कालो रङको मसी भएको कलम प्रयोग गर्नुपर्नेछ ।

(द) प्रवेश पत्र र हाजिरी फाराममा एकै प्रकारको दस्तखत प्रयोग गर्नुपर्नेछ ।

(ध) प्रचलित ऐन, नियम तथा यस कार्यविधिमा उल्लेख भएका व्यवस्था तथा शर्तहरूको पालना गर्नुपर्नेछ ।

६९. **कारबाही गर्न सक्ने:** शिक्षण संस्थामा भर्ना भएका रेजिडेन्टहरूले प्रचलित ऐन, नियम, कार्यविधि विपरित हुने गरी अनुशासन विपरितका कार्य गरेमा सम्बन्धित प्राज्ञिक एकाइ एवं शिक्षण संस्थाको सिफारिसमा बोर्डले आवश्यक कारबाही गर्न सक्नेछ ।

७०. **बैठकभत्ता:** यस कार्यविधि अनुसार गठन भएका समिति, उपसमिति तथा कार्यदलका सदस्यले नियमानुसार बैठकभत्ता पाउनेछन् ।

७१. **कार्यविधि:** यस कार्यविधि अनुसार गठन भएका समिति, उपसमिति तथा कार्यदलको बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफै तयार गर्नेछन् ।

७२. **अनुसूचिमा हेरफेर, संशोधन वा थपघट गर्न सक्ने:** बोर्डको सिफारिसमा कार्यकारी समितिले अनुसूचीमा हेरफेर, संशोधन वा थपघट गर्न सक्नेछ ।

७३. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधिको कार्यान्वयन तथा कार्यक्रम सञ्चालन गर्दा कुनै जटिलता देखिएमा चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले निर्णय गरी सहजीकरण गर्न सक्नेछ ।

७४. **कार्यविधिमा संशोधन:** चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिको सिफारिसमा आयोगले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ। यस कार्यविधिको व्याख्या गर्ने अधिकार चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिमा निहित रहनेछ।

७५. **बाझिएको हकमा अमान्य:** यस कार्यविधिको प्रबन्ध प्रचलित कानूनसँग बाझिएको अवस्थामा बाझिएको हदसम्म कार्यविधिमा भएको व्यवस्था अमान्य हुनेछ ।

७६. **खारेजी र बचाउ:** (१) देहायका कार्यविधिहरू खारेज गरिएका छन् ।

क. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

ख. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरूको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण कार्यविधि, २०७८

ग. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज स्वमूल्याङ्कन (Self-Appraisal) कार्यविधि, २०७८

घ. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षा सञ्चालन , व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्यविधि, २०८०

(२) खारेज गरिएका उल्लेखित कार्यविधिहरू बमोजिम भए गरिएका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ ।

अनुसूची -१

**कार्यक्रम सञ्चालन गर्ने संस्थासँग गरिने द्विपक्षीय सम्झौता**

**नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज**

सानोठिमी, भक्तपुर ।

**चिकित्सा शिक्षा आयोग, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज र स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रम सञ्चालन गर्ने संस्था बिचको सम्झौता**

चिकित्सा शिक्षा आयोग,नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज **(एनबिएमएस)** (यसपछि पहिलो पक्ष भनिएको) र स्पेसियालिटी/सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन गर्ने संस्था.................................................................... (यसपछि दोस्रो पक्ष भनिएको) बिच प्रचलित कानुनबमोजिम तपसिलका कार्य गर्न गराउन देहायबमोजिम सम्झौता गरिएको छ ।

**क. पहिलो पक्षले पालना गर्नुपर्ने शर्तहरु:**

१. पहिलो पक्षले स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन गर्नुपूर्व तोकिएका मापदण्डका आधारमा दोस्रो पक्षसँग सेल्फ अप्राइजल माग गरी स्थलगत अनुगमन गरे पश्चात मापदण्ड पूरा भएका विषयमा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको सिफारिसमा चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले स्वीकृत गरेबमोजिम कार्यक्रम सञ्चालन गर्ने अनुमति तथा सिट उपलब्ध गराउनेछ ।

२. बुँदा नं १ बमोजिम सिट प्राप्त गर्ने संस्थामा चिकित्सा शिक्षा आयोगले प्रत्येक शैक्षिक सत्रमा एकीकृत प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीलाई प्रचलित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि, २०७९ (संशोधनसहित) बमोजिम विद्यार्थी छनोट तथा भर्ना गरी अध्ययनका लागि पठाउनेछ ।

३. स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रम सञ्चालनका लागि सो कार्यक्रमका सिनियर फ्याकल्टीलाई संयोजक (Mentor) तोक्नेछ ।

४. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) तथा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि,२०८२ ले तोकेबमोजिमका कार्यहरु गर्नेछ ।

५. तीन वर्षको अध्ययन पूरा गरेका विद्यार्थीहरुका लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि,२०८२ बमोजिम बोर्डले अन्तिम बोर्ड परीक्षा सञ्चालन गर्नेछ ।

६. विद्यार्थीको भर्ना, रजिष्ट्रेशन, परीक्षा, दीक्षान्त समारोह (Convocation) र सर्टिफिकेशन जस्ता कार्य गर्नेछ ।

७. विद्यार्थी भर्ना गर्ने प्रतिवद्धता गरिसकेपछि भर्ना भएका विद्यार्थीको अध्ययन अवधि पूरा नभएसम्म सम्झौता भंग गरिने छैन। कुनै कारणवश सम्झौता भंग गर्न चाहने पक्षले कम्तीमा दुई वर्षको अवधि अगावै सोको जानकारी दोस्रो पक्षलाई गराउनु पर्नेछ ।

**ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु**

१. स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (एनबिएमएसले) तोकेबमोजिम स्वमूल्यांकनको आवेदन पेस गर्नुपर्नेछ ।

२. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि,२०८२ ले तोकेबमोजिमका पूर्वाधार तथा मापदण्ड पूरा गर्नुपर्नेछ ।

३. एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरी प्रचलित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि,२०७९ (संशोधनसहित) बमोजिम छनोट भएर आएका विद्यार्थीहरूलाई तोकिएको भर्ना प्रक्रिया अनुसार भर्ना गरी पठनपाठन कार्य सञ्चालन गर्नुपर्नेछ ।

४. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि,२०८२ ले तोकेबमोजिम फ्याकल्टीहरूले विद्यार्थीहरूको हाजिरी विवरण सहितको लगबुक/इ-लगबुक व्यवस्थापन गर्नुपर्नेछ।

५. तोकिएबमोजिम विद्यार्थीहरूको नियमित मूल्याङ्कन सम्बन्धी कार्यहरू गर्नुपर्नेछ ।

६. स्वमूल्यांकनमा पेस गरेबमोजिम अनुगमनबाट योग्य भएका फ्याकल्टीहरूले विद्यार्थी लिइसकेपछि सो कार्यक्रम सम्पन्न नहुन्जेलसम्म जिम्मेवारी छोड्न पाइनेछैन। उचित र मनासिव कारणले बाहेक बीचैमा छोड्नुपर्ने अवस्था आइपरेमा सोको भरपर्दो बैकल्पिक व्यवस्था सम्बन्धित संस्थाले गर्नुपर्नेछ। यसरी उचित र मनासिब कारण बिना बीचैमा छोड्ने फ्याकल्टीलाई भविष्यमा कुनैपनि विद्यार्थी दिइनेछैन ।

७. संस्थामा भर्ना भएका विद्यार्थीहरूलाई नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि,२०८२ ले तोकेबमोजिम निर्वाह भत्ता उपलब्ध गराउनुपर्नेछ ।

८. प्रथम पक्षले तोकेबमोजिमको संस्था तथा कार्यक्रमको प्रत्यायन/एफिलिएशन बापत रू. १,००,००० (एकलाख रूपैंया मात्र ) बुझाउनुपर्नेछ ।यो प्रावधान प्रत्येक तीन वर्षमा नवीकरण गर्नुपर्नेछ ।

९. विद्यार्थीबाट प्रथम पक्षले तोकेबमोजिमका रकम बाहेक अन्य कुनैपनि रकम लिन पाइनेछैन ।

१०. सञ्चालित कार्यक्रमका विषयमा प्रथम पक्षसँग रिपोर्टिङ तथा परिपत्र गर्दा कार्यक्रम संयोजक मार्फत गर्नुपर्नेछ।

११. विद्यार्थी नियमित रुपमा अध्ययन गर्न नआएमा वा काबुबाहिरको परिस्थितिले नियमित हुन नसकेमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनुपर्नेछ ।

१२. विद्यार्थीलाई सैद्धान्तिक तथा व्यावहारिक ज्ञानका लागि उचित वातावरण तयार गर्नुपर्नेछ ।

१३. विद्यार्थी भर्ना गर्ने प्रतिवद्धता गरिसकेपछि भर्ना भएका विद्यार्थीको अध्ययन अवधि पूरा नभएसम्म सम्झौता भंग गरिने छैन । कुनै कारणवश सम्झौता भंग गर्न चाहने पक्षले कम्तीमा दुई वर्षको अवधि अगावै सोको जानकारी प्रथम पक्षलाई गराउनुपर्नेछ। बीचैमा सम्झौता भंग भएमा कार्यक्रमको बाँकी अवधिभरका लागि विद्यार्थीलाई दिनुपर्ने निर्वाह भत्ता रकम थप गरी प्रथम पक्षले तोके बमोजिम बुझाउनुपर्नेछ ।

१४. स्पेसियालिटी/सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालन को अनुमति प्राप्त गर्ने संस्थालाई प्रथम पक्षबाट कुनैपनि आर्थिक सुविधा प्राप्त हुनेछैन ।

१५. यो सम्झौताको अवधि कार्यक्रम सञ्चालन गर्न अनुमति पाएसँगैं शुरु भइ कार्यक्रम सञ्चालनको अवधिभर कायम रहनेछ।

१६. यो सम्झौतामा उल्लेखित शर्तहरुमा कुनै विवाद उत्पन्न भएमा विवादको समाधान मुलुकी देवानी संहिता, २०७४ भाग ५ को करार तथा अन्य दायित्व सम्बन्धी व्यवस्था तथा अन्य प्रचलित कानुनबमोजिम हुनेछ।

| **पहिलो पक्षको तर्फबाट** | **दोस्रो पक्षका तर्फबाट** |
|---|---|
| ................................................<br>निर्देशक<br>बोर्ड अफ मेडिकल स्पेसियालिटिज<br>चिकित्सा शिक्षा आयोग | ......................................<br>कार्यकारी निर्देशक |
| **संस्थाको छाप** | **संस्थाको छाप** |

**रोहबर**

| | |
|---|---|
| **नाम :-**<br>**पद :-**सदस्य सचिव<br>**हस्ताक्षर:-** | **नाम:-**<br>**पद:-** संयोजक एनबिएमएस कार्यक्रम<br>**हस्ताक्षर:-** |
| **नाम:-**<br>**पद:-**निर्देशक<br>**हस्ताक्षर:-** | **नाम:-**<br>**पद:-** प्रशासकीय प्रमुख<br>**हस्ताक्षर:-** |
| **नाम :-**<br>**पद :-** निर्देशक<br>**हस्ताक्षर:-** | **नाम:-**<br>**पद:-**<br>**हस्ताक्षर:-** |
| **नाम :-**<br>**पद :-**निर्देशक<br>**हस्ताक्षर:-** | **नाम:-**<br>**पद:-**<br>**हस्ताक्षर:-** |

**संवत्      साल      गते      रोज      शुभम् ।**

## कबुलियतनामाको नमूना

चिकित्सा शिक्षा आयोग

**नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज**

सानोठिमी, भक्तपुर

**चिकित्सा शिक्षा आयोग (NBMS) स्पेसियालिटी/सबस्पेसियालिटी कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूको कबुलियतनामा**

श्री ........................................को नाति/नातिनी श्री......................................को छोरा/छोरी.....................जिल्ला..........................नगरपालिका/गाउँपालिका वडा नं. ....मा स्थायी बसोवास भई मिति..........................मा जन्म भएको म ..................................चिकित्सा शिक्षा आयोग एनबिएमएस (NBMS) कार्यक्रम अन्तर्गत स्पेसियालिटी/सवस्पेसियालिटी तहको ................................विषयमा अध्ययनका लागि................................संस्थामा छनोट भएकोमा अध्ययन अवधिभर प्रचलित कानूनको अतिरिक्त देहायबमोजिमका शर्त पालना गर्ने प्रतिबद्धता गर्दै यो कबुलियतनामा गरी चिकित्सा शिक्षा आयोगमा बुझाएको छु ।

**<u>पालना गर्नुपर्ने शर्तहरू</u>**

१. एनबिएमएस कार्यक्रममा छनोट भएबमोजिमको संस्थामा भर्ना भई नियमित पठनपाठनमा सहभागी हुनेछु ।
२. चिकित्सा शिक्षा आयोग एनबिएमएस कार्यक्रमका लागि तोकिएबमोजिमको रकम बुझाउनेछु ।
३. एनबिएमएस कार्यक्रममा भर्ना भई अध्ययन पूरा गर्न आवश्यक पर्ने विभिन्न प्रकारका अनिवार्य तालिम तथा सेमिनारहरूमा सहभागी हुँदा लाग्ने आर्थिक दायित्व स्वयंले व्यहोर्नेछु ।
४. पाठ्यक्रमले तोकेका सैद्धान्तिक र व्यवहारिक उद्देश्यहरू पूरा हुनेगरी नियमित अध्ययन तथा अभ्यासमा सहभागी हुनेछु। आफूले गरेका पठनपाठन सम्बन्धी कार्यहरू नियमित रूपमा Logbook /E-Logbook मा इन्ट्री गर्नेछु ।
५. तोकिएबमोजिमका फ्याकल्टीहरूसँग नियमित रूपमा अन्तर्क्रिया तथा छलफलमा सहभागी हुनेछु ।
६. पाठ्यक्रमले तोकेबमोजिम पूरा गर्नुपर्ने कार्यहरू समयमा नै सम्पन्न गर्नेछु ।
७. अध्ययन गराउने संस्थाका आचारसंहिता लगायतका आन्तरिक नियमहरूको पालना गर्नेछु ।
८. अध्ययन गराउने संस्थाले तोकेका फ्याकल्टी तथा शोधपत्र दीग्दर्शकसँग (Mentor) नियमित सम्पर्क र समन्वय गरी पठनपाठन कार्य सम्पन्न गर्नेछु ।
९. अध्ययनका लागि छनोट भई भर्ना भइसकेपछि बीचैमा पढाइ छोड्ने छैन। भर्ना भइसकेपछि बीचैमा पढाइ छोडेमा दुई वर्ष सम्म चिकित्सा शिक्षाको एकीकृत प्रवेश परीक्षामा सहभागी हुन नपाइने प्रावधान पालना गर्न तयार छु।
१०. प्रचलित कानूनबमोजिमका अन्य विषयहरू/शर्तहरू पालना गर्नेछु।

ल्याप्चे सहीछाप

| दायाँ | बाँया |
|---|---|
| | |

विद्यार्थीको
दस्तखतः
नाम थरः
स्थायी ठेगानाः
सम्पर्क ठेगानाः
टेलिफोन नं.:
मितिः
इमेलः

अनुसूची ३

# रजिष्ट्रेशन फाराम

अनुसूची - ४

Government of Nepal

**MEDICAL EDUCATION COMMISSION**

**National Board of Medical Specialties (NBMS)**

**Application Form for Registration**

NBMS Admission Batch 20…..............BS (20…..............AD)

PHOTO

**NBMS Registration Number:**

